# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३१८ | काठमाडौं | शुक्रबार, १ चैत २०८१ | Prabhab National Daily | Friday, March 14, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**फागु पर्व उल्लास पूर्वक मनाऔं ।**

फागु रङ्ग र उमङ्गको पर्व,
- श्रसभ्य र मर्यादित भएर फागु पर्व मनाऔं,
- बलपूर्वक अरूलाई रङ्ग नलगाऔं,
- कसैको सहमति बिना रङ्ग तथा पानी छ्याप्ने नगरौं,
- हानिकारक रङ्गको प्रयोग नगरौं,
- फागु पर्व मनाउने बहानामा अवाञ्छित गतिविधिमा संलग्न नबनौं,
- फागु पर्वको महत्व र गरिमा बढ्ने गरी यस पर्वलाई उल्लासमय बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## रवि र छविसहित तीन मुद्दा एउटै पेसीमा

रवि, छवि र वकिल कार्यालयको मुद्दा एकैसाथ न्यायिक प्रक्रियामा अगाडि बढाइने

मुद्दा एउटै तर रवि र छविको हकमा आदेश भिन्नै

■ **जेबी योञ्जन**



**काठमाडौं–** बहुचर्चित सुप्रिम सहकारी ठगी प्रकरणमा मुछिएका पूर्वगृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र पूर्वडीआईजी छविलाल जोशीको मुद्दा एकैसाथ न्यायिक प्रक्रियामा अगाडि बढाइने भएको छ। उच्च अदालत बुटवल, तुलसीपुर इजलासका न्यायाधीशद्वय राजेश्वर तिवारी र सागर विष्टले एकैसाथ मुद्दा हेरिने र सोहीअनुसार मुद्दाको पेसी चढाउन बिहीबार आदेश दिएका हुन् ।

छविले थुना बाहिरबाटै लड्न पाउनुपर्ने मागसहित मुद्दा दायर गरेका थिए । रविलाई धरौटीमा नछाडी थुनामा राख्नुपर्ने सरकारी वकिल कार्यालय रूपन्देहीको माग छ । रविको भने धरौटीविना साधारण तारिखमा बस्न पाउनुपर्ने निवेदन अदालतमा छ । अदालतका सूचना अधिकारी रामबहादुर कुँवरले अब यी मुद्दाहरूको सुनुवाइका लागि एउटै पेसी तोकिने बताए ।

'बेन्चबाट रवि र छवि सँगै जोडिएको एउटै मुद्दा हेर्नुपर्ने आदेश आएको छ, अब अर्को हप्ता थप केही आउला र एउटै पेसी तोक्ने काम हुन्छ,' उनले प्रभावसँग भने ।

पूर्वडीआईजी जोशी हाल थुनामा छन् । गत २८ माघमा उनलाई थुनछेक बहसपछि जिल्ला अदालत रूपन्देहीका न्यायाधीश वसिष्ठकुमार घिमिरेको इजलासले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । यसपछि आदेश पूर्वाग्रही भन्दै जोशीका छोरा अधिवक्ता रोचकले गत ३० माघमै उच्च अदालत बुटवलमा पुनरावेदन गरेका थिए । उनले थुनामा पठाउने सो आदेश र ठहर खण्डमा उल्लिखित विषय पूर्वाग्रही रहेकाले उक्त आदेश बदरको माग गरेका छन् ।

तर, एउटै मुद्दामा रूपन्देही जिल्ला अदालतले पूर्वगृहमन्त्री लामिछानेलाई भने धरौटी लिएर तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्न आदेश दिएको थियो ।

न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले गत १३ माघमा एक करोड रूपैयाँ धरौटी लिएर लामिछानेलाई थुनाबाहिरै राखी मुद्दा अघि बढाउन आदेश दिएको थियो । मुद्दा एउटै भए पनि आदेश भने व्यक्तिपिच्छे फरक भएपछि जोशी उच्च अदालत पुगेका हुन् ।

धरौटीमा छाडिएका लामिछानेले भने धरौटीबिना मुद्दाको पुर्पक्ष गर्न पाउनुपर्ने मागसहित जिल्ला अदालत रूपन्देहीको आदेश बदर गरी पाऊँ भन्दै यही २६ फागुनमा उच्च अदालत बुटवलमा पुनरावेदन निवेदन दिए ।

अर्कातिर, जिल्ला अदालत रूपन्देहीसमेतलाई विपक्षी बनाउँदै माघको तेस्रो साता लामिछानेलाई धरौटी लिएर रिहा गर्ने आदेशविरुद्ध सरकारी वकिल कार्यालय गत फागुन १ गते उच्च पुगेको थियो । सरकारी वकिल कार्यालयले लामिछानेको मुद्दा पनि जोशीसँगै राखेर सुनवाइ गर्न माग गरेको थियो । यसपछि इजलासले लामिछानेको कैफियत प्रतिवेदन माग गरेको थियो ।

सुप्रिम सहकारीका एक हजार ८ सय ३१ बचतकर्ताको ८६ करोड १८ लाख २३ हजार ७ सय ५४ रूपैयाँ हिनामिना गरेको आरोप छ । आरोपी रवि र छविसहित २२ जनाविरुद्ध रूपन्देही जिल्ला अदालतमा मुद्दा दर्ता भएको थियो ।

बचतकर्ताहरू नारायणबहादुर पहराईको जाहेरीका आधारमा प्रहरीले अनुसन्धान गरेपछि जिल्ला सरकारी वकिल रूपन्देहीले मुद्दा दायर गरेका थियो । उक्त मुद्दामा सहकारी अध्यक्ष ओम प्रकाश गुरुङ सुरुदेखि नै थुनामा छन् भने रवि र छविसहित पूरक अनुसन्धान गर्ने आदेशका आधारमा पछि मुद्दा चलाएको थियो ।

क्रमशः पृष्ठ २ मा

## रंगहरूको मात्र कहाँ हुन्छ र होली ?

- पहिलेको होली शान्त र आत्मीय हुन्थ्यो । घरमै प्राकृतिक रंग बनाउँथ्यौँ–माटो, फूल, बेसार मिसाएर । मान्छेहरु एकअर्कालाई सम्मानपूर्वक रंग लगाइदिन्थे
- पहिले होली आउँदा नातागोताका सबै जम्मा हुन्थे । बिहानै घरघरमा 'गुलाल' लगाइन्थ्यो, बच्चाहरूले घरमै बनाएको अबीर खेल्थे । सन्ध्याकालसम्म गीत गाउने, नाच्ने चलन थियो
- बाबुहरु, होली भनेको केवल रंग खेल्ने चाड होइन, मन जोड्ने पर्व हो । जबरजस्ती, डर र रिस होइन, प्रेम, सम्मान, र खुसी बाँड्न सिक्नुपर्छ



ब्लग

■ **विविशा पौडेल**

**ललितपुर–** ललितपुरको च्यासल नजिकैको सरस्वती धारा वरपर युवाको समूह थियो । रंग, हाँसो, अनि ढोलको तालमा रमाइरहेका युवाहरूले वातावरण तरंगित बनाएका थिए । कसैका हातभरी गुलाबी रंग त कसैका हातभरी पहेंलो नीलो रंग । कोही भने पानीका लोला प्रहारको तयारीमा ।

यो दृश्य क्षणमै बदलिन्थ्यो, पानीको लोलाको प्रहारले भिजाउँदा मजा मानिरहेको यो जमातबाट मेरो आँखा अलि परको एउटा कुनामा पुग्यो । जहाँ घाम तापिरहेका थिए दुई वृद्ध । उनीहरूको अनुहारमा न त रंग थियो न त हातमा पानीको लोला भरिएको पोका । तैपनि दुई अनुहारमा मन्द मुस्कान परैबाट देखिन्थ्यो ।

रंगको पर्वमा रंगहीन यी अनुहारहरू किन यति शान्त ? म केहीबेर उनीहरूलाई हेर्दै उभिएँ । अलि असहज मान्दै म उनीहरूतिर अघि बढे ।

'आमा, आज होलीको दिन तपाईंहरूलाई रंग नलगाएको देख्दा अनौठो लाग्यो । किन नलगाउनुभएको ?' मैले जिज्ञासापूर्वक सोधें । प्रश्नअघि मैले दुई जनासँग चिनजान गरिसकेको थिएँ । दुईमा एक जना बेतिवा वाले र अर्की दिलमाया महर्जन रहेछन् ।

'रंगहरूमात्र कहाँ होली हुन्छ र ?' बेतिवाले मन खोल्न थालिहालिन्, 'होली भनेको त मनको कुरा हो । जब मन खुसीले भरिन्छ, जब आत्मीयता र माया बाँडिन्छ, तब मात्र होलीको साँचो अर्थ रहन्छ ।'

सायद उमेरले होला । नभए त कसलाई मनपर्दैन र होली खेल्न ? शैशवकालमा उनीहरू मैमत्त होली खेले होलान् ? अहिले त थाकिसकेको जीउ होला नि ? मलाई यही प्रश्न सोध्न मन लाग्यो । तर सीधासीधा यसरी ठाडै सोध्न त मिलेन । 'तपाईंहरूको पालामा कस्तो हुन्थ्यो होली ?' अलि घुमाएर सोधें ।

दिलमायाले जवाफ फर्काउने जिम्मा पाइन् । 'पहिलेको होली धेरै शान्त र आत्मीय हुन्थ्यो । हामीले घरमै प्राकृतिक रंग बनाउँथ्यौँ–माटो, फूल, बेसार प्रयोग गर्थ्यौं । मान्छेहरू एकअर्कालाई सम्मानपूर्वक रंग लगाइदिन्थे । अहिले चाहिँ जबरजस्ती बढी हुन्छ ।'

'साँच्चै, अहिलेको होली जबर जस्ती थोपर्ने पर्वजस्तो किन बन्दै गइरहेको छ ?' दिलमायाको जवाफले मैले आफैलाई प्रश्न गरे ।

'रमाइलो छ, तर पहिले जस्तो आत्मीयता छैन,' बेतिवाले पनि थपेजस्तो लाग्यो । खै मैलेमात्र सुनेको हो कि साँच्चै बेतिवाले भनेकी नै हुन् । अनि मैले फेरि सोधे, 'तपाईंलाई अहिलेको होली रमाइलो लाग्छ कि लाग्दैन ?'

बेतिवा वालेले गहिरो सुस्केरा हालिन् । अनि भनिन्, 'रमाइलो त छ, तर पहिलेजस्तो आत्मीयता छैन । अहिले त लोलाको डरले घरबाट बाहिर निस्कनै गाह्रो छ । कोही मन नलागी-नलागी भाग्नुपर्ने, कोही रिसाएर कराउने । होली भनेकै त्यो हो त ?'

अघि नै बेतिवाले सुनाएको कुरा हो त रहेछ । मलाई लाग्यो - होली मनाउने शैली समयसँगै कति बदलिइसकेको छ !

### 'होली खुसीको पर्व हो, डरको होइन'

'अहिलेको जमानामा लोला हान्ने, जबरजस्ती रंग दल्ने जस्ता व्यवहार देखिन्छन् । तपाईंलाई यसबारे के लाग्छ ?' मेरो काम प्रश्न सोध्ने त हो नि । धमाधम प्रश्न सोध्न थाले ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### रोजगार सम्मेलनबारे सरोकारवाला

## 'कागजमा सीमित उपलब्धिको औचित्य हुँदैन'

■ **ममता थापा**



**काठमाडौं–** बाध्यात्मक वैदेशिक रोजगारीको अवस्था अन्त्य गर्ने लक्ष्य लिएको सरकारले हालै श्रम तथा रोजगार सम्मेलन सम्पन्न गऱ्यो । सम्मेलनको उद्देश्य थियो आन्तरिक रोजगारीका क्षेत्र पहिचान र प्रवर्द्धन गर्ने । यही लक्ष्यका साथ सन् २०२५-३५ लाई 'आन्तरिक रोजगार प्रवर्द्धन दशक' घोषणा गरियो ।

फागुन २७ र २८ गते राजधानीमा आयोजित सम्मेलन उपलब्धिमूलक बनेको आयोजक श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको दाबी रह्यो । वैदेशिक रोजगारीलाई व्यवस्थित गरेर कसरी आन्तरिक रोजगारी सिर्जना गर्न सकिन्छ भन्ने विषयमा सम्मेलन केन्द्रित थियो । रोजगारी सिर्जनालाई तीव्रता दिने, रोजगार प्रवर्द्धन दशकको कार्यान्वयनका लागि आवश्यक परिमार्जन गरिने, उदीयमान क्षेत्रहरूमा लगानी अभिवृद्धि गर्ने, सीपयुक्त जनशक्ति तयार पार्न सरकारी तथा निजी क्षेत्रका रोजगारदाताहरूसँग समन्वय गर्ने, श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने, स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रहरूको सुदृढीकरणलगायतका विषयहरू घोषणापत्रमा छन् ।

कागजमा उतारिएका घोषणाहरू पढ्नमा आकर्षक छन् । आजकै दिनबाट घोषित सबै बुँदाहरू कार्यान्वयनको प्रक्रियामा गए प्रधानमन्त्री केपी शर्मा ओलीले भन्दै आएको 'समृद्ध नेपाल, सुखी नेपाली'को नाराले सफलताको एक चरण पार गर्ने थियो । तर विडम्बना, नागरिकहरू सरकारले देखाएका मीठा-मीठा सपना देखेर तीतो यथार्थ भोग्न बाध्य छन् ।

क्रमशः पृष्ठ २ मा

### 'रोजगारी हात नपर्दासम्म सम्मेलन अर्थपूर्ण हुँदैन'

श्रमविद् रामेश्वर नेपाल जबसम्म श्रमिकको हातमा रोजगारी पर्दैन तबसम्म यस्ता सम्मेलन अर्थपूर्ण नहुने बताउँछन् । बेरोजगारलाई रोजगारी दिन सकिएन भने सम्मेलन फल नदिने वृक्षजस्तै हुने उनको तर्क छ । यद्यपि, सम्मेलन गरिनु आफैंमा सकारात्मक भएको उनी बताउँछन् ।

'कम्तीमा यस्ता कार्यक्रमले जनता सुसूचित हुन्छन्, बजारमा आवश्यक रोजगारको मागको बारेमा थाहा हुन्छ,' उनी भन्छन्, 'तर अहिलेसम्मका सम्मेलन सूचना दिने र विज्ञको राय लिनेमा मात्र सीमित भए । विगतका सम्मेलनलाई आधार मान्ने हो भने त यस्ता कार्यक्रम फलदायी देखिँदैनन् ।'

सम्मेलनमार्फत सहकार्य गरिएका निजी क्षेत्रले तत्कालै रोजगारी दिएचाहिँ कार्यक्रम औचित्यपूर्ण हुने उनी बताउँछन् । अर्कोतर्फ काठमाडौंमा कार्यक्रम गर्नेभन्दा पनि संघीयताको मर्मअनुरूप स्थानीय तहमै लगिएको भए यसको महत्त्व झनै बढ्ने उनले बताए । त्यस्तै, मन्त्रालयले सम्मेलन गर्नेभन्दा पनि ऐन तथा नीतिलाई कार्यान्वयन गराउनतर्फ ध्यान दिनुपर्ने उनको सुझाव छ ।




# भोजपुरका किसानलाई तालिमसँगै कृषि सामग्री हस्तान्तरण

**भोजपुर–** जिल्लाको लेखर्कका किसानलाई नवीनतम तरकारी खेती प्रणाली सम्वन्धि तालिमसँगै कृषि सामग्री हस्तान्तरण गरिएको छ । व्यावसायिकसँगै आर्थिक रूपमा सक्षम बनाउने ध्येयले २८ अगुवा किसानलाई नवीनतम तरकारी खेती प्रणालीको विषयमा जानकारीसँगै उपयुक्त प्रविधि हस्तान्तरण गरिएको हो । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा)ले, गाउँपालिका तथा वडाको समन्वयमा किसानलाई तरकारी खेती प्रणाली सम्वन्धि ज्ञान दिइएको हो ।

तालिमका सहभागी किसानलाई उन्नत जातको बीउ विजन, प्लाष्टिक टनेललगायतका कृषि सामग्रीसमेत वितरण गरिएको टेम्केमैयुङ ९ लखर्कका वडाध्यक्ष नभराज माङ्गपाहाङ्गले जानकारी दिए । वडाका तरकारी खेती गरिरहेका किसानलाई नविनतम खेती प्रणालीको बारेमा ज्ञान प्रदान गर्न तालिम सञ्चालन गरिएको माङ्गपाहाङ्गको भनाइ छ । किसानलाई अभ्यास गराएर नै खेती प्रणालीको विषयमा जानकारी दिइएको उनले बताए । 'यहाँका धैरै किसानले तरकारी खेती गरिरहेका छन्,' माङ्गपाहाङ्गले भने, 'किसानसँग तरकारी खेती प्रणाली सम्वन्धि जानकारी नहुँदा समस्या थियो । उनीहरूलाई तरकारी खेती प्रणालीको विषयमा ज्ञान दिएर व्यावसायिक बन्न थप प्रोत्साहन गर्न तालिम दिएका हौं ।' यहाँका अगुवा किसानलाई पाँच दिने कार्यक्रम सञ्चालन गरेर तरकारी खेती प्रणालीको विषयमा व्यवहारिक ज्ञान दिएको हो ।

किसानलाई तरकारी तथा नगदेबालीको माध्यमबाट आर्थिक रूपमा सक्षम बनाउन गाउँपालिकाले विभिन्न सीपमूलक कार्यक्रम सञ्चालन गरिरहेको गाउँपालिका उपाध्यक्ष रमादेवी राईले जानकारी दिइन् । टेम्केमैयुङ गाउँपालिकामा कृषिको राम्रो सम्भावना रहेकोले कृषि र पर्यटनलाई प्राथमिकतामा राखेर काम भइरहेको उपाध्यक्ष राईको भनाइ छ । गाउँपालिकाले यहाँको भूगोल तथा माटो सुहाउँदो तरकारी तथा नगदेबालीको खेतीमा प्रोत्साहन कार्यक्रमसमेत सञ्चालन गरिरहेको उपाध्यक्ष राईले जानकारी दिइन् । 'हामीले किसानलाई तरकारी तथा नगदेबालीको व्यावसायिक खेतीमा लाग्न प्रोत्साहन गरिरहेका छौं,' उनले भनिन्, 'गाउँपालिकाले प्राथमिकताका साथ कृषि र पर्यटनमा लगानी गरिरहेको छ । कृषकलाई व्यावसायिक बनाएर आयआर्जनसँग जोड्न विभिन्न सीपमूलक कार्यक्रमहरू सञ्चालन गरिरहेका छौं ।' *रासस*

# उच्च शिक्षा पढ्ने विद्यार्थीलाई पालिकाको अनुदान

**पर्वत (प्रस)–** सरकारले माध्यमिक तहसम्मको पठनपाठन निःशुल्क उपलब्ध गराउँदै आएको छ । उच्च शिक्षा पढ्नका लागि भने विद्यार्थीले शुल्क भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आर्थिकरूपमा सबल विद्यार्थीले शुल्क तिरेरै भए पनि गुणस्तरीय शिक्षा लिइरहेका छन् । आर्थिकरूपमा विपन्न परिवारका विद्यार्थीले भने बीचैमा पढाइ छाडेर बस्नुपर्ने वा विदेश पलायन हुने गरेको अवस्थालाई मध्यनजर गर्दै पर्वतको महाशिला गाउँपालिकाले यस्ता विद्यार्थीलाई अनुदान उपलव्ध गराउन थालेको छ ।

पालिकाले आवश्यक दक्ष जनशक्ति उत्पादनका लागि उच्च शिक्षा पढ्न प्रोत्साहित गर्ने उद्देश्यले यो कार्यक्रम लागू गरिएको गाउँपालिकाले जनाएको छ । महाशिलाले उच्च मावि, स्नातक वा स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीलाई छुट्टाछुट्टै अनुदान दिइने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवेन्द्र पाण्डेयले जानकारी दिए । उच्च माविमा गणित, विज्ञान तथा नर्सिङ अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रोत्साहनस्वरूप वार्षिक ५० हजार रूपैयाँ उपलब्ध गराइने उनले बताए । यस वर्ष विपन्न तथा जेहेन्दार विद्यार्थीलाई उक्त अनुदान उपलब्ध गराइने पाण्डेयले जानकारी दिए ।

यसैगरी, विपन्न तथा असहाय परिवारका विद्यार्थीलाई उच्च शिक्षामा सहज पहुँच पुऱ्याउनका लागि मेडिकल, इञ्जिनियरिङ, कृषि र भेटेरिनरी विषयमा स्नातक अध्ययन गरिरहेका वा अध्ययन गर्न इच्छुकलाई पनि अनुदान दिइने भएको छ । यस्ता विद्यार्थीलाई वार्षिक एक लाख रूपैयाँ अनुदान उपलब्ध गराइने पाण्डेयले बताए ।

पृष्ठ १ बाट क्रमशः

## रंगहरूको मात्र...

सायद बेतिवा र दिलमायाले कुनै परीक्षामा सामेल भइरहेको अनुभव गरिरहेका होलान् । बेतिवा वाले हल्का गम्भीर बने । 'होली मनाउनु राम्रो कुरा हो, तर अरूलाई दुःख दिएर होइन । पहिला हामीले आफन्तहरूसँग बसेर होली खेल्थ्यौं, अहिले चाहिँ जबरजस्ती रंग दल्छन्, धम्क्याउँछन् । यस्तो त मन नपर्ने कुरा हो,' उनले भनिन् । दिलमायाले सहमति जनाउँदै थपिन्, 'होली भनेकै रिस, वैरभाव मेटाउने चाड हो । एकअर्कालाई माया, सम्मान गर्ने पर्व हो । जबरजस्ती गरेर, डर देखाएर होली खेल्नु भनेको त यसको अर्थ नै बिगार्नु जस्तो लाग्छ ।'

### 'पहिलेको होलीः आत्मीयता र प्रेमको रंग'

मैले स्मृतिमा रमाइरहेका उनीहरूलाई सोधैं, 'तपाईंलाई सबैभन्दा मनपर्ने होलीको सम्झना के हो ?'

बेतिवा वाले हल्का हाँस्दै सम्झिन पुग्छिन्, 'पहिले होली आउँदा नातागोताका सबै जम्मा हुन्थे । बिहानै घरघरमा गुलाल लगाइन्थ्यो, बच्चाहरूले घरमै बनाएको अबीर खेल्थे । सन्ध्याकालसम्म गीत गाउने, नाच्ने चलन थियो । अहिले जस्तो डर हुन्थेन ।' दिलमायाले थपिन्, 'हामी आमाछोरी, बुहारीहरू मिलेर मिठाइ बनाउँथ्यौं । पाहुना आउँथे, हास्यव्यंग्य हुन्थ्यो । अहिले जस्तो सडकतिर नजाऊ, लोला हान्छन् भन्ने डर थिएन ।'

### 'प्रेमपूर्वक लगाइदिएको रंगमात्र स्वीकार्छु'

'तपाईंलाई कसैले आज आएर प्रेमपूर्वक रंग लगाइदिए, स्वीकार्नुहुन्छ ?' मैले उनीहरूकै मनपर्ने कुरामा कुरा जोडे ।

बेतिवा वालेले सहजै मुस्कुराउँदै सहमति जनाइन् यो प्रश्नमा, 'यदि मन सफा छ, भावना साँचो छ भने, किन नस्वीकार्नु ? तर जबरजस्ती गरेको रंग कहिल्यै मन पर्दैन ।'

मैले अन्तिम प्रश्न गरें, 'तपाईंहरूले अहिलेको पुस्तालाई के सन्देश दिन चाहनुहुन्छ ?'

दिलमायाले गम्भीर हुँदै भनिन्, 'बाबुहरू, होली भनेको केवल रंग खेल्ने चाड होइन, मन जोड्ने पर्व हो । जबर जस्ती, डर, र रिस होइन, प्रेम, सम्मान, र खुसी बाँड्न सिक्नुपर्छ । जसले होलीको वास्तविक अर्थ बुझ्छ, उसले मात्र सही तरिकाले मनाउन सक्छ ।'

मैले टाउको हल्लाएँ । त्यो दिन मैले बुझैं–होलीको साँचो रंग भनेको केवल छालामा लगाउने रंग होइन, सम्बन्ध र विश्वासमा पोतिने रंग हो ।

होलीको पर्वलाई जबरजस्ती होइन, आपसी प्रेम, सम्मान, र आत्मीयतासहित मनाउनुपर्छ । केवल मुखमा रंग लागेमात्रै होइन, यदि सम्बन्धमा विश्वास, आदर र खुसीको रंग पोत्न सकियो भने मात्र होलीको सही अर्थ रहन्छ । यदि यो परीक्षा नै थियो भने बेतिवा र दिलमायाले सयमा सय नम्बर पाएकी छन् । अनि मेरो प्रश्नहरू पनि निसन्देह मन जोड्ने खालकै थिए ।

■■■

## रवि र छविसहित...

रविले रूपन्देही जिल्ला अदालतले सुप्रिममा पहिलो पटक सोमबार तारिख बुझेका छन् । उनलाई अर्को तारिख आगामी वैशाख २३ गतेलाई दिइएको अदालतका श्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीले बताएका छन् ।

लामिछानेविरुद्ध पर्साको वीरगञ्जमा रहेको सानो पाइला सहकारी ठगीमा मुद्दा दायर हुने क्रममा छ । रूपन्देहीसँगै पोखरा, काठमाडौं र चितवनमा मुद्दा दायर भइसकेका छन् । थुनछेक बहस पनि भइसकेको छ । लामिछाने गत २ कात्तिकमा पार्टी कार्यालय वनस्थलीबाट पक्राउ परेका हुन् । उनीभन्दा अघि असोजको पहिलो साता पूर्वडीआईजी जोशी काठमाडौंको शंकमुल क्षेत्रबाट पक्राउ परेका थिए ।

उनीहरूमाथि गोर्खा मिडिया नेटवर्कमा बुटवलको सुप्रिम, पोखराको सूर्यदर्शन, काठमाडौंको स्वर्णलक्ष्मी र चितवनको सहारा सहकारीको बचत अपचलन गरेको आरोप छ ।

■■■

## कागजमा सीमित...

कागजी घोषणाले पेट नभरिएर हरेक दिन दुई हजारभन्दा बढी युवाहरू त्रिभुवन विमानस्थलहुँदै विदेशमा श्रम बेच्न जान्छन् । विदेसिनु व्यक्तिगत स्वतन्त्रताको विषय पनि हुनसक्ला तर कतिपय चुल्हो बाल्नकै लागि विदेसिनुपरेको अवस्था पनि छ । यो कटु यथार्थबाट मुक्त हुन रोजगार सम्मेलन कोशेढुंगा साबित हुने सरकारको दाबी छ ।

सरकारले पाँचतारे होटलमा करोडौं खर्च गरेर आयोजना गरेको भव्य कार्यक्रम देख्दा केही होला जस्तो लाग्छ । तर, विगतका चारवटा सम्मेलनतिर फर्किंदा शंका उब्जिसक्छ । वि.सं. २०५४, २०६१, २०६९ र २०७६ का सम्मेलन नाममात्रका भए । त्यसबेला र अहिलेको सरकारको नेतृत्वकर्ता, सम्मेलन गराउने टिमलगायतमा खासै फेरिएका छैनन्, अधिकांश उहीअनुहार हुन् । जसले आश्वासनमात्र दिएर नागरिकलाई पटक-पटक निराश पारिसकेका छन् । हाल वैदेशिक रोजगारीमा ५० देखि ६० लाख श्रमिक रहेको आँकडा छ । त्यस्तै मुलुकको बेरोजगारी ११ प्रतिशत छ । बेरोजगारीलाई न्यूनमा झार्न र आन्तरिक रोजगार सिर्जना गर्न सरकारको सानोतिनो मिहेनतले सम्भव नहुने सरोकारवालाहरू बताउँछन् ।

सरोकारवालाहरूसँग दुई दिनको छलफलपश्चात् श्रमबजारको वर्तमान अवस्था, रोजगारीका क्षेत्र तथा चुनौतीको पहिचान गर्न सम्मेलन उपलब्धिमूलक बनेको मन्त्रालयका अधिकारीहरूले बताए । मुलुकको श्रमबजार सुधार र दिगो रोजगारीका अवसरहरू विकास गर्ने दिशामा यो सम्मेलन एउटा महत्त्वपूर्ण कोशेढुंगा सावित हुने मन्त्रालयको अपेक्षा छ । तर नागरिकले गरेको भरपर्दो रोजगारीको अपेक्षा सरकारले कहिले पूरा गर्ला ? भन्ने प्रश्न महत्त्वपूर्ण बनेको छ ।

### "समस्या पहिचान गर्न सम्मेलन प्रभावकारी"

आन्तरिक रोजगारीलाई सुदृढ नबनाएसम्म वैदेशिक रोजगारीमाथिको निर्भरतालाई रोक्न नसकिने रोजगार सम्मेलनका विज्ञ सल्लाहकार डा. युवराज बस्नेत बताउँछन् । देशमा हातमुखै जोड्न समस्या भएर विदेश जानेहरूलाई रोक्न यो सम्मेलनले भूमिका खेल्ने बस्नेतको दाबी छ ।

रोजगारी सिर्जना गर्नका लागि के-के कुरा बाधक छन् भनेर पहिल्याएपछि मात्र समस्या समाधान हुने उनी बताउँछन् । 'पहिला कुरा सुन्न पऱ्यो, नसुनी कहाँ-कहाँ समस्या छ कसरी थाहा हुन्छ ? जहिले सुझावमात्र लिने तर कामचाहिँ नगर्ने भन्ने आरोपहरू लाग्ने गरेको छ यो सत्य हो । तर अब पनि नसुध्रिए हुँदैन,' उनी भन्छन्, 'सधैं एउटै पाराले कहिलेसम्म चल्छ ? सरोकारवालाको कुरा सुनेर नीति परिवर्तन गर्नु त आवश्यक छ नै साथसाथै हाम्रो प्रवृत्ति पनि परिवर्तन गर्नुपर्छ । तर प्रवृत्ति आजको भोलि फेरिँदैन, समय लाग्छ । त्यसैले श्रममन्त्रीले १० वर्षको समय छुटचाउनुभएको छ ।'


**साउदीमा रोजगार** कम्पनी : Eham Operation and Maintenance Company is a one-person company शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/११/२९ LT. No. 320297 चलानी नं. ६०२३४४१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 11 | 0 | 1800 | ६६,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र ८ गते (21st Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1573/079/080

**SHREESHA INTERNATIONAL PVT.LTD.**

Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700

Email: info@shreeshainternational.com, www.shreeshainternational.com

For Location



**युएइमा रोजगार** कम्पनी : Ocean7 Recruitment - Sole proprietorship L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/११/२८ LT. No. 320067 चलानी नं. ६०२३४३७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/labour | 100 | 0 | 800 | ३०,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter/ Construction Carpenter | 25 | 0 | 1200 | ४५,५७५ | | | | | | | |
| 3 | Mason (Nepal) | 40 | 0 | 1200 | ४५,५७५ | | | | | | | |
| 4 | Scaffolder | 10 | 0 | 1200 | ४५,५७५ | | | | | | | |
| 5 | Steel Fixer | 25 | 0 | 1200 | ४५,५७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र १० र ११ गते (23 & 24 Mar. 2025) मा हुनेछ ।

नोटः साथै यस कम्पनीको लागि Safety Officer, Storekeeper, Air Conditioning, Fitter, Pig Welder, Mig Welder, Tech Welder, Gas Cutter, Grinderman को पनि आवश्यकता हुँदा इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MIP **MANISPOWER OVERSEAS EMPLOYMENT AND PROMOTER PRIVATE LIMITED**

Kathmandu, Nepal, Tel: 01-4547203/04, Mobile: 9767982815 / 9841980236

E-mail : contact@mipjobs.com, Web: www.mipjobs.com

Govt. License No. 1694/081/082



**जापानमा रोजगार** कम्पनी : Goodplan cooperetive business association

पूर्व स्वीकृति मिति : २०८१/११/२८ LT. No. 320273 चलानी नं. ६०२३४४०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver Female | 0 | 1 | 218000 | २०५,५६५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र ८ गते (21st Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Lic. No. 816/066/067

**IMPERIAL OVERSEAS PVT. LTD.**

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530, Mobile: 9818851067

Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शुक्रबार, १ चैत, २०८१

| | |
|---|---|
| मेष | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| वृष | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| मिथुन | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| कर्कट | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| सिंह | दिगो कामको जग बसाउन सकिने छ । |
| कन्या | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| तुला | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| वृश्चिक | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| धनु | सुखद् समाचारले उत्साह जगाउन छ । |
| मकर | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| कुम्भ | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| मीन | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९३९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१ चैत, २०८१ (१४, मार्च २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३९.२५ | १३९.८५ |
| युरो | १ को | १५१.७२ | १५२.३७ |
| पाउन्ड स्टिर्लङ | १ को | १८०.०४ | १८०.८२ |
| स्विस फ्रैन्क | १ को | १५७.८४ | १५८.५२ |
| अस्ट्रेलियन डलर | १ को | ८७.४५ | ८७.८३ |
| क्यानाडियन डलर | १ को | ९६.६६ | ९७.०७ |
| सिङ्गापुर डलर | १ को | १०४.५१ | १०४.९६ |
| जापानी येन | १० को | ९.४३ | ९.४७ |
| चिनियाँ युआन | १ को | १९.२५ | १९.३३ |
| साउदी अरब रियाल | १ को | ३७.१३ | ३७.२९ |
| कतारी रियाल | १ को | ३८.२१ | ३८.३७ |
| थाई भाट | १ को | ४.१२ | ४.१४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.९१ | ३८.०८ |
| मलेसियन रिङेट | १ को | ३१.५५ | ३१.६९ |
| दक्षिण कोरियन वन | १०० को | ९.५८ | ९.६३ |
| स्विडिस क्रोनर | १ को | १३.८२ | १३.८८ |
| डेनिस क्रोनर | १ को | २०.३४ | २०.४३ |
| हङकङ डलर | १ को | १७.९२ | १८.०० |
| कुवेती दिनार | १ को | ४५१.९२ | ४५३.८७ |
| बहराइन दिनार | १ को | ३६९.३६ | ३७०.९५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# होलीको उमंग


१


२


३



४


५


६

१. फागु पूर्णिमा आर्थात् होली पर्वको अवसरमा बिहीबार बल्खुमा मादक पदार्थ सेवन गरे/नगरेका विषयमा जनपद तथा ट्राफिक प्रहरीको टोली संयुक्त रूपमा जाँच गर्दै ।
२. होली पर्वका अवसरमा बिहीबार काठमाडौँको बसन्तपुरमा होली खेलेर मनोरञ्जन लिँदै विदेशी पर्यटक ।
३. विश्व सम्पदा सूचीमा सूचीकृत काठमाडौँको बसन्तपुर दरबार क्षेत्रमा आज रङहरूको पर्व फागुपूर्णिमा(होली) मनाउन आएका सर्वसाधारण ।
४. होलीका अवसरमा बागलुङ बजारमा संरक्षित तीन सय वर्षभन्दा पुरानो फागु गीत गाउँदै रमाउदै बागलुङका नेवार समुदायका युवायुवतीहरू ।
५. फागु पूर्णिमाको दिन बिहीबार होली खेल्दै भक्तपुरको मध्यपुर थिमिका बालबालिका ।
६. महोत्तरी जिल्लाको औरही नगरपालिका-१ स्थित बजारमा बिक्रीका लागि राखिएको होलीका सामग्री । मिथिला क्षेत्रमा शनिबार होली मनाइने छ ।

*तस्बिरहरू : रासस*


# Aathrai Rural Municipality

## Office of Rural Municipal Executive

Sankrantibazar, Tehrathum

Koshi, Province, Nepal

## Invitation for Electronic Bids

**Date of publication: 2081/12/01 (14/03/2025)**

1. ***Aathrai Rural Municipality, office of Rural Municipal Executive*** invites NCB from eligible domestic bidders for the contracts mention below.

| S.N. | Contract ID Number | Description of Work | Estimated Amount Including PS without VAT (Nrs) | Cost of Bidding document | Bid security Amount | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | ARM/NCB/ WORKS/ 04/081/82 | Construction of Bagale Shahid Smriti Park Tatha Janayuddha Shanti Sangrahalaya | 86,32,957.33 | Rs. 3000 | Rs. 2,50,000/- | 90 days/ 120 days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Aathrai rural Municipality, Sankrantibazar, Tehrathum, Phone no: 9852060322,Email Id: aathraigaupalika1@gmail.com*** may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidding documents can be download from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the Non- refundable fee of **RS. 3000.** For bidding document in the Project's Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Nabil Bank Ltd (Ga-1-1 Aantarik Rajaswa Khata)
   Name of Office : Aathrai Rural Municipality
   Office Code no. : 80105501
   Office Account no.: 19501017500038
4. Electronic bids must be submitted to the office ***Aathrai Rural Municipality*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00hr*** on ***2081/12/31 (13/04/2025).*** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 PM on 2081/12/31 (13/04/2025)*** at the office of ***Aathrai Rural Municipality***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative Officer**



# प्रदेश सभा सचिवालय

## सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः- २०८१/१२/०१**

सुदूरपश्चिम प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूलाई वितरण गर्ने प्रयोजनका लागि ४३ थान ल्यापटप खरिदका लागि मिति २०८१/१०/१५ गतेको प्रभाव दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार ठेक्का नं. PAS/GOODS/NCB/081/082-01 को लागि मिति २०८१।११।१६ गते दिनको १२ बजेसम्म www.bolpatra.gov.np/egp मा अनलाईन पोर्टलमा दर्ता हुन आएका ८ (आठ) बोलपत्रदाताहरूमध्ये सबैभन्दा कम कबोल अंक भएको तपशिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएकोले स्विकृतीको लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनका लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | फर्मको नाम | कबोल अंक (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| PAS/GOODS/ NCB/081/082-01 | Supply And Delivery of I5 Laptop with accessories - 43PCS | Ugratara Trading and Suppliers/DD construction, Dhangadhi | ३१,८२,६४५।०० | न्यूनतम मूल्यांकित सारभुत रूपमा प्रभावग्राही |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### आरोपितलाई कांग्रेसको काँध किन ?

नेपाली कांग्रेस सबैभन्दा ठुलो दल । शक्तिकै उन्मादमा सत्तामा रहेका मन्त्रीहरुले मनपरी गर्दा पनि कांग्रेसले काँध थापिरहेकै छ । घोषणापत्रहरु हेर्ने हो भने कांग्रेसको मुल नीति हो – सुशासन । तर नेपाल विद्युत प्राधिकरणबाट मनग्गे नाफा कमाउनेमात्र हैन लोडसेडिङ मुक्त गरेर देशलाई अँध्यारोबाट मुक्त गरेका कुलमान घिसिङमाथि एकोहोरो प्रहार गर्ने ऊर्जामन्त्रीको कदममा भने कांग्रेस मौन छ ।

अहिलेका ऊर्जामन्त्री दीपक खड्का विभिन्न प्रकरणमा मुछिएका छन् । स्काउटको जग्गा कब्जा प्रकरण, आफ्नै होटलमा सांसदहरुलाई लगेर प्रभावित पार्ने प्रयास, कुलमानको काममा लगातार अवरोधजस्ता आरोप खड्काले खेपिरहेका छन् । जसरी पनि कुलमान हटाउने प्रयास गर्दासमेत नसकेपछि खड्काले प्रतिनिधि सभामार्फत विभिन्न लञ्छना लगाउँदै आएका छन् । एउटा कर्मचारी हटाउन सिँगो सरकारले नसकिरहेको बेला यो विषय कांग्रेसमा पनि प्रवेश गरेको हुनुपर्छ । हुन त कांग्रेसका महामन्त्री गगन थापाले यो विषयमा कांग्रेसका मन्त्रीले किचकिच गर्न नहुने मन्तव्य पछिल्लो पटक राखेका छन् । तर उनै गगन सरकार सञ्चालनको उच्चस्तरीय संयन्त्रदेखि कांग्रेस सभापति शेरबहादुर देउवाका प्रमुख सल्लाहकार बनेको समय हो यो । अहिले देउवाको सहमति बिना सरकारको निर्णय प्राय असम्भव नै छ ।

यस्तो अवस्थामा कुलमानमाथि तारन्तरको स्पष्टीकरण किन भइरहेको छ ? के ऊर्जामन्त्रीको चाहनाअनुसार चल्नुपर्ने हो वा कांग्रेसको चाहनाअनुसार ? नभए सुशासनमा अब्बल एक कर्मचारीमाथि मन्त्रीको निशाना किन ? यसबारे कांग्रेसले किन छलफल गर्दैन ? एउटा कर्मचारीमाथि लगातार विभिन्न प्रपञ्च गर्ने मन्त्रीलाई किन कांग्रेसले सरकारबाट फिर्ता बोलाउन सक्दैन ? कांग्रेस अहिले प्रकाशमान सिंहको नेतृत्वमा सरकारमा सहभागी छ । केहीबाहेक कांग्रेसका कुनै पनि मन्त्रीले सरकारमा प्रभावकारी भूमिका देखाउन सकेका छैनन् । यस्तो अवस्थामा ऊर्जामन्त्रीको दैनिकै भनेकै कुलमानलाई कसरी हटाउने भन्नेमात्रै छ । कुलमानको कुशल व्यवस्थापकीय क्षमताको प्रशंसाको साटो उनी लोडसेडिङ मुक्तिको जस भारतलाई दिन्छन् ।

कांग्रेसमा विभिन्न विचारधारा भएका नेताहरु छन् । जो आफू निकटकालाई शक्ति दिँदा मौन बस्छन् नभए प्रतिपक्षीभन्दा कठोर भएर प्रस्तुत हुन्छन् । पछिल्लो समय कांग्रेसमा प्रतिपक्षी स्वर पनि सुनिँदैन । यस्तो अवस्थामा के सुशासनको नारा चुनावी फन्डामात्र हो त ? एउटा कर्मचारीमाथिको निरन्तर दुरुत्साहनलाई कांग्रेसले गम्भीर भएर लिनुपर्छ । नभए अहिले उठेका स्वतन्त्र विचारहरुले कांग्रेसलाई इतिहासको दल बनाउन सक्छ ।

**श्रम सरोकार**

### नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# 'हिमवत्खण्ड सम्मिलनले नेपालीलाई एकतामा बाँध्ने काम गर्छ'



हिमवत्खण्ड क्षेत्रका भाषाभाषीका विभिन्न संस्कृति, सभ्यता, ज्ञान र परम्परालाई आत्मसात् गर्दै यहाँका विविध जातजाति तथा समुदायबीच सांस्कृतिक आदानप्रदान गर्ने, संस्कृति, सभ्यता र ज्ञान परम्पराका सम्बन्धमा प्राज्ञिक विमर्श गर्ने उद्देश्यले आज चैत १ देखि ३ गतेसम्म काठमाडौंमा "हिमवत्खण्ड कला-साहित्य-संस्कृति सम्मिलन" हुँदै छ । सम्मिलनमा हिमवत्खण्डका नेपालका सातवटै प्रदेशका साथै भारत (सिक्किम, पश्चिम बंगाल, असम, मणिपुर, मेघालय, उत्तराञ्चल), चीन, बंगलादेश, म्यान्मार, भुटान, थाइल्यान्डमा बसोबास गर्ने नेपालीहरू सहभागी हुँदै छन् । प्रस्तुत छ, सम्मिलनको सन्दर्भमा मदन भण्डारी कला-साहित्य प्रतिष्ठानका अध्यक्ष तथा सम्मिलन आयोजक समितिका संयोजक **डा. विजय सुब्बा**सँग *रासस* सम्वाददाता **कालिका खड्का**ले गरेको कुराकानी:

**डा. विजय सुब्बा**
संयोजक, हिमवत्खण्ड कला-साहित्य-संस्कृति सम्मिलन

**हिमवत्खण्ड कला-साहित्य-संस्कृति सम्मिलन गर्दै हुनुहुन्छ । हिमवत्खण्ड भनेको के हो ?**

नेपाल हिमवत्खण्डको केन्द्र स्थल हो । नेपाल सभ्यता र ज्ञानको पवित्र भूमि हो । यो विश्वमा मानव सभ्यताको आदिभूमि हो । ज्ञानोदयको आदिभूमि हो । यसै हिमवत्खण्ड नेपालमा सबैभन्दा प्राचीन ग्रन्थ ऋगवेद र सबैभन्दा प्राचीन भाषा संस्कृतको जन्म भएको हो । यसै भूमिमा चार वेद, उपनिषद्, श्रुति, स्मृति, पुराण तथा अनेकौं नीतिशास्त्रको प्रादुर्भाव र विस्तार भएको हो । हिमवत्खण्डअन्तर्गत नै सप्तगण्डकीमा काश्यप ऋषि, पुलत्स्य ऋषि, कोशी किनारमा कौशिक ऋषि (विश्वामित्र), मिथिलामा तत्त्वज्ञानी राजा जनक, याज्ञवल्क्य, गार्गीजस्ता दार्शनिक र वाल्मीकि, व्यास, कालीदास जस्ता महान् कविहरूको जन्म भयो । यहीं नै ने मुनि नामका ऋषि र किराँतहरूका ऋषि आकुनीले ख्याती कमाएको पाइन्छ । वैदिक वाङ्मयमा विविध दर्शनहरूको आविष्कारले यस क्षेत्रलाई सिञ्चित गर्न सकेकाले नै हिमवत्खण्ड र यसअन्तर्गत पर्ने नेपाललाई मानव सभ्यताको उद्गम र विश्व सभ्यताको ज्येष्ठभूमि मानिएको हो । यसै पावन भूमिमा गौतम बुद्धको जन्म भयो र विश्वभर बुद्धत्वको प्रकाश प्रसारित भयो ।

प्राचीन नेपाल अहिलेभन्दा ठूलो थियो । विक्रमादित्यका छोरा समद्र गुप्तको प्रयागस्थित अभिलेखमा कामरूप (आसाम) र कर्कपुर (कुमाउ र गडवाल क्षेत्रबीचको देशलाई 'नेपाल' भनी वर्णन गरिएको छ । हिमवत्खण्डको यो विशाल यज्ञभूमि, तपोभूमि, ज्ञानभूमिमा कैयौं ऋषि-महर्षिहरूले ज्ञानको आविष्कार गरेका थिए । उनीहरूले नै अनेक धर्मशास्त्र, नीतिशास्त्र, राज्य शासनका विधिविधान सिर्जना गरेर हिमवत्खण्डलाई युगयुगसम्म संगठित गराउने थिति बसाले । हिमवत्खण्डले ओगट्ने भौगोलिक क्षेत्रफल जति विविधतापूर्ण र विशाल छ, त्यत्तिकै यसको गहनता र महत्ता पनि व्यापक र विशाल छ । यस भूखण्डका भौगोलिक, ऐतिहासिक, सांस्कृतिक र आध्यात्मिक मूल्य विशिष्ट छन् । पौराणिक ग्रन्थहरूका अनुसार हिमवत्खण्ड भन्नेबित्तिकै प्राचीन ऋषिमुनिको पवित्र तपोभूमि भन्ने बुझिन्छ । हिमवत्खण्ड भनेको पूर्वदेखि पश्चिमसम्म विस्तारित हिमालय शृंखला समाविष्ट भूगोलको एउटा खण्ड हो । हिमवत्खण्डबारे प्राचीनकालदेखि नै विभिन्न चर्चा परिचर्चा हुँदै आएका छन् । वेदव्यासद्वारा रचित अठार पुराणहरूमध्ये प्रमुख स्कन्द पुराण पनि हो । यसअन्तर्गत एउटा खण्डमा हिमवत्खण्डको महिमा वर्णन गरिएको छ । स्कन्द पुराणको यसै खण्डमा वर्णन गरिएअनुसार हिमालय पालित सिन्ध प्रदेशदेखि ब्रह्मपुत्रसम्म फैलिएको मानसरोवर समन्वित भूखण्ड नै हिमवत्खण्ड हो ।

**सम्मिलन गर्नुको मूल उद्देश्य के हो ?**

मदन भण्डारी कला-साहित्य प्रतिष्ठानद्वारा भानु जयन्तीका अवसरमा २०७५ असार २९ देखि ३१ गते पहिलोपटक हिमवत्खण्ड कला-साहित्य सम्मिलन आयोजना गरिएको थियो । अहिले हिमवत्खण्ड कला-साहित्य-संस्कृति भनेर संस्कृति थप गरेका छौं । संस्कृति थप्नुको कारण यसपालिका लोकसंस्कृतिको संकलन मुख्य विषय हो । तत्कालीन तथा वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले हिमवत्वखण्डको सम्मिलन गर्नुपर्छ भनेर भन्नुभयो । त्यसपछि खोजी गरेर २०७५ सालमा हिमवत्खण्ड कला-साहित्य सम्मिलन गरिएको हो । धेरैले हिमवत्खण्ड के हो भनेर सोध्नुहुन्छ । हिमवत्खण्ड भनेको पश्चिममा सिन्धु नदी (सिन्धु प्रदेश पनि भनिन्छ) । पश्चिममा ब्रह्मपुत्र नदी, उत्तरमा मानसरोवर क्षेत्र, पूर्वमा ल्हासा, उत्तरमा हिमालय पर्वत शृंखला दक्षिणमा गंगा नदी (गंगा मैदान पनि भनिन्छ) । यो हिमवत्खण्डको भू-भाग हो । यसलाई हिन्दू धर्ममा सनातनी धर्म पनि भनिन्छ । त्यसमा १८ वटा महापुराण छन् । तीमध्ये सबैभन्दा ठूलो स्कन्द महापुराण हो । त्यो स्कन्द महापुराणको एउटा महत्त्वपूर्ण खण्ड हिमवत्खण्ड रहेछ ।

हिमवत्खण्डको मध्यभागमा नेपाल छ । यो पुराण र महापुराणमा धेरै उच्च स्थान रहेको छ । हिमवत्खण्डमा मानस खण्ड लेखिएको छ । मानसखण्ड (मानसरोबरसँग जोडेर नेपालको चर्चा गरिएको छ) । पशुपतिनाथ, मृगस्थली, बागमती नदी, गुहचेश्वरीको यति धेरै उच्च स्थानमा चर्चा छ । नेपालमा संस्कृतिका विद्वान पण्डित महापण्डितले यस्तो अन्य देशका पण्डित आउँदा हामी सानो जस्तो देखाउँछौं । हिमवत्खण्डमा नेपालको हैसियत भुइँमा बस्ने होइन । माथिको आसनमा बस्ने हैसियत रहेछ । यो सम्मिलनमा नेपालभित्र र नेपाली मूलका विदेशी नागरिक हुनुहुन्छ । हिमवत्खण्डभित्र बसेको भावना, लोकसंस्कृतिको अवस्था के छ जम्मा गरौं भन्ने मूल उद्देश्य हो । धेरैले 'ग्रेटर नेपाल'सँग जोडेर हेर्ने पनि हेर्ने गरेका छन् । त्यो राजनीतिक हो । हिमवत्खण्डभित्र बसेका नेपाली र नेपालीमूलका विदेशी नागरिकको साझा विषय लोकसंस्कृतिलाई मूल विषय बनाएका छौं । एकताको भावना फैलाऔं भन्ने पनि हो ।

हिमवत्खण्ड संसारकै गौरव हो । यही गौरवशाली भूखण्डमा विश्वको सर्वोच्च शिखर सगरमाथासहित विश्वप्रसिद्ध हिमशृंखलाहरू अवस्थित छन् । भारोपेली तथा भोट बर्मेली भाषाको आधार क्षेत्रका रूपमा रहेको यस भू-भागमा अस्तित्वमा रहेका नेपालीसहित विभिन्न भाषा, सभ्यता र संस्कृतिको उन्नयन, आपसी सद्भाव र सांस्कृतिक एवं मौलिक सिर्जनशील पक्षको महिमा गान एवं विचार विमर्श यस सम्मिलनको खास उद्देश्य रहने छ । हिमवत्खण्डका समस्त सांस्कृतिक वैभवप्रति गर्व गर्दै यहाँको प्रकृति, संस्कृति तथा मानवीय मूल्यको संरक्षण गर्नु यस सम्मिलनको उद्देश्य हुने छ ।

- हिमवत्खण्ड संसारकै गौरव हो । यही गौरवशाली भूखण्डमा विश्वको सर्वोच्च शिखर सगरमाथासहित विश्वप्रसिद्ध हिमशृंखलाहरु अवस्थित छन् ।
- धेरैले 'ग्रेटर नेपाल'सँग जोडेर हेर्ने पनि हेर्ने गरेका छन् । त्यो राजनीतिक हो । हिमवत्खण्डभित्र बसेका नेपाली र नेपालीमूलका विदेशी नागरिकको साझा विषय लोकसंस्कृतिलाई मूल विषय बनाएका छौं । एकताको भावना फैलाऔं भन्ने पनि हो ।
- सम्मिलनमा मुलुकका सातवटै प्रदेशका साथै भारत (सिक्किम, पश्चिम बंगाल, असम, मणिपुर, मेघालय, उत्तराञ्चल), चीन, बंगलादेश, म्यान्मार, भुटान, थाइल्यान्डबाट नेपाली लोकसंस्कृतिसम्बन्धी कार्यपत्र प्रस्तुत गरिने छ ।
- सम्मिलनमा विदेशबाट कलाकारसहित करिब १०० जना आउनुहुन्छ भने सहभागी देशभरबाट करिब २०० जना तथा आयोजक, सल्लाहकार गरी जम्मा करिब एक हजार जनाको उपस्थिति हुने छ ।




हिमवत्खण्डको यस भेगमा सिर्जित वैदिक तथा बौद्ध वाङ्मय, ज्योतिष विज्ञान, योग एवं आयुर्वेद र अपार सांस्कृतिक ज्ञान परम्परा र वैभवले यस क्षेत्रको चेतनालाई सदैव उँचो राख्दै आएको छ । ज्ञान तथा चेतनाका ती महिमाशाली परम्पराप्रति गौरवबोध गर्नमा यस सम्मिलनले थप भूमिका खेल्ने छ ।

हिमवत्खण्डका मौलिक तथा रैथाने संस्कृति, ज्ञान परम्परा, तन्त्र-मन्त्र, कला-साहित्य, रीतिरिवाज, शिल्पकला, भेषभूषा, खानपान, मूर्त तथा अमूर्त सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न सम्मिलनले यस क्षेत्रमा पुनर्जागरण ल्याउने छ । हिमवत्खण्डका प्राचीन सभ्यता, सांस्कृतिक, सामाजिक, भौगोलिकलगायतका विविध आयामबारे खोज-अन्वेषण, अध्ययन-अनुसन्धान तथा संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्नका निमित्त यस सम्मिलनले ऊर्जा प्रदान गर्ने छ । नेपाल अनेक जातजाति, संस्कृति तथा भाषाभाषीका इनद्रेणीको रूपमा परिचित रहँदै आएको छ । यस मुलुकमा रहेको प्राकृतिक, जैविक तथा सांस्कृतिक विविधता नै यस धराको ऐश्वर्य हो । यस सत्यलाई आत्मसात् गरी अन्तर्राष्ट्रिय एकताको सेतु नेपाली राष्ट्रिय संस्कृतिको संवर्द्धन र विकास गर्नु हाम्रो परम कर्तव्य हो । यो सम्मिलनको अर्को उद्देश्य भनेको मुलुकको विकास निर्माण र समृद्धितर्फको यात्रामा बहुसांस्कृतिक पहिचान कायम राख्दै अघि बढ्न सम्बद्ध सबै पक्षलाई आह्वान गर्नु पनि हो । भाषिक घनत्वका दृष्टिले नेपाल अनुपम भूमि रहिआएको छ र हाल बोलचालमा रहेका १२३ भाषा तथा तीसँग जोडिएका संस्कृतिको जीवन्तता यसको प्राण हो । यसलाई नागरिक तथा सरकारी दुवै तहका प्रयत्नबाट जोगाउनु तथा एक आपसमा सहकार्य गरी विकसित गर्नु आवश्यक छ । नेपालका भाषा र संस्कृतिहरूको संरक्षणका लागि विशेष भूमिका निर्वाह गर्नका लागि सम्बद्ध सबै पक्षमा चेतना जागृत गराउनु यस सम्मिलनको थप उद्देश्य हुने छ ।

**हिमवत्खण्डको मौलिक संस्कार संस्कृतिभित्रका कस्ता विषयहरु बढी सम्मिलनमा छलफल हुन्छ ?**

हिमवत्खण्डको दक्षिण भाग हिमालय पर्वत शृंखला हो । सभा लाख पर्वत शृंखलाबाट सिञ्चित जमिन हिमवत्खण्ड हो । हामीले नेपालभित्रको प्रदेश नभनी बागमती सिञ्चित भू-भागको लोक संस्कृति, गण्डकी, कोशी, सेती, महाकालीको हिमालय पर्वत शृंखलाको नदी सभ्यताको लोक संस्कृतिको संकलन गर्ने र शिर नभएको लुम्बिनी क्षेत्रको लोकसंस्कृति र मिथिला क्षेत्रको लोकसंस्कृति (मधेश प्रदेश) भनेर सात प्रदेशको सातवटा कार्यपत्रको व्यवस्था गरिएको छ । नेपाल बाहिरबाट १० वटा कार्यपत्र प्रस्तुत गरिने छ । त्यसबाहेक नेपाल वरिष्ठ विद्वानबाट हिमवत्खण्डको गरिमा, यसक्षेत्रभित्रको नेपाली भाषा र विश्वव्यापीकरण, हिमवत्खण्डको सांस्कृतिक विशिष्टता के छ ? नेपाली संस्कृतिको खानपान जस्तैः बर्माका नेपालीले गुन्द्रुक खान्छन् कि खाँदैनन् ? नृत्य लोकलय कस्तो छ । कार्यपत्र सात प्रदेशबाट सातवटा, विदेशी नेपालीका तर्फबाट १० वटा र विज्ञहरूबाट पाँचवटा गरी २२ वटा प्रस्तुत गरिने छ । पछि त्यसलाई संकलन गरी पुस्तक निकाल्ने सोच छ ।

**सम्मिलनमा नेपालीबाट मात्रै कार्यपत्र प्रस्तुत हुन्छन् कि विदेशमा बस्ने नेपालीबाट पनि हुन्छ ?**

नेपालको लोकसंस्कृतिबारे गोष्ठीपत्र भनेर नेपालका सातवटै प्रदेशका नेपाली लोकसंस्कृति सम्बन्धमा प्रस्तुति हुने छ भने नेपाल बाहिरको नेपाली लोकसंस्कृतिसम्बन्धी म्यानमार, बंगलादेश, भुटान, थाइल्यान्ड, चीनको तिब्बतका साथै भारतका पश्चिम बंगाल, सिक्किम, मणिपुर, असम, देहरादुन आदिबाट गोष्ठीपत्र प्रस्तुत हुने छ । विशेष गोष्ठीपत्र प्रस्तुति हिमवत्खण्डमा नेपाली भाषाको अवस्थाबारे प्रा.डा. चुडामणि बन्धु, हिमवत्खण्डका नेपाली भाषा र यसको अन्य भाषासँगको अन्तरसम्बन्ध प्रा.डा. माधवप्रसाद पोखरेल, हिमवत्खण्डको संस्कृति र विश्वव्यापीकरण डा. रमेश ढुंगेल, हिमवत्खण्डको नेपाली खानपान संस्कृति डा. भेषराज अधिकारीको प्रस्तुति रहने छ ।

सम्मिलनमा मुलुकका सातवटै प्रदेशका साथै भारत (सिक्किम, पश्चिम बंगाल, असम, मणिपुर, मेघालय, उत्तराञ्चल), चीन, बंगलादेश, म्यान्मार, भुटान, थाइल्यान्डबाट नेपाली लोकसंस्कृतिसम्बन्धी कार्यपत्र प्रस्तुत गरिने छ । सम्मिलनमा प्रधानमन्त्री केपी शर्मा ओलीले 'हिमवत्खण्ड, यसको महिमा र लोकसंस्कृति' सम्बन्धमा प्रवचन दिने कार्यक्रम छ । सिक्किमका पूर्वमुख्यमन्त्री तथा वरिष्ठ साहित्यकार पवन चाम्लिङद्वारा 'हिमवत्खण्डमा नेपाली भाषा तथा नेपाली लोकसंस्कृतिको अवस्था' का बारेमा विशेष प्रवचन हुने छ ।

**हिमवत्खण्डको सम्मिलन गर्न कस्ता चुनौतीहरु छन् ?**

आर्थिक व्यवस्थापन गर्न निकै समय लाग्यो । अलिअलि कठिनाइ अनुभव पनि भएको छ तर व्यवस्थापन गर्छौं । सहयोग संकलन पनि गर्छौं । तयारीको अन्तिम अवस्थामा पुर्‍याइसकेका छौं । विदेशबाट आउने नेपालीलाई खाने र बस्ने व्यवस्था मिलाएका छौं । घोषणापत्र तयार गर्छौं । पहिलो सम्मिलनमै हिमवत्खण्ड क्षेत्रभित्रका नेपालीबीचमा एउटा मञ्च बनाउने कुरा भएको थियो तर भएन । अहिले चाहि त्यो मञ्च बनाउँछौं । दुई वा तीन वर्षमा यस्ता सम्मिलन गर्ने छौं । भारतमा नेपाली मूलका वासिन्दा धेरै छन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेपाली लोकसंस्कृतिको अवस्थाबारे यो क्षेत्रमा काम गर्न राम्रो भन्ने सुझाव दिनुभएको थियो । बर्माको पिलोक भन्ने ठाउँमा २०/२२ वर्षका नेपाली मूलका छोरीहरू नेपाल सम्झेर रुन्छन् । बाजेहरू नै उता गएका थिए । बुबाआमालाईसम्म नेपालका बारेमा थाहा छैन । नातिनातिनाहरू नेपालको नाम त्यसरी भावुक भएर लिन्छन् । यस्ता मान्छेहरू नेपालमा ल्याउनुपर्छ भन्ने लाग्यो । धेरै नेपाली आफन्त, दिदीबहिनी भेटन पाउने खुसीमा नेपाल आउन लालायित छन् । तीन दिन नेपाल बस्दा सबै भाषाभाषीको प्रतिनिधित्व हुनेगरी विदेशी पाँच र नेपाली १० सांस्कृतिक प्रस्तुति पनि गरिन्छ । यो विविधतालाई जीवित राख्न पुस्तक, भिडियो पनि बनाउने योजना छ ।

**सम्मिलनमा विदेशी नेपाली र नेपाली गरी सहभ( ागी कति जना हुनुहुन्छ ?**

सम्मिलनमा विदेशबाट कलाकारसहित करिब १०० जना आउनुहुन्छ भने सहभागी देशभरबाट करिब २०० जना तथा आयोजक, सल्लाहकार गरी जम्मा करिब एक हजार जनाको उपस्थिति हुने छ । सिक्किमका पूर्वमुख्यमन्त्री पवन चाम्लिङले विदेशमा बसेर धेरै नेपाली भाषाको काम गर्नुभएको छ । उहाँलाई हामीले सम्मान पनि गर्छौं । हामीले यसरी सम्मिलन सुरु गरेपछि भविष्यमा पनि कसै न कसैले यो कामलाई निरन्तरता दिने छन् भन्ने लागेको छ । यो बौद्धिक छलफल हो । सुरुको दिनमा पुरानो चलचित्र बसाइ, मुनामदन पर्यटन बोर्डमा देखाइने छ । नेपाली चलचित्र, सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोग, संस्कृति र समृद्धिमा नेपाली भाषाको प्रयोग भन्ने विषय रहेको छ । सम्मिलनको उद्घाटन राष्ट्रिय सभागृहमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले गर्नुहुने छ भने समापन प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुहुने छ ।

**सम्मिलनका क्रममा भन्नुपर्ने केही विषय छ कि ?**

यो सम्मिलन भनेको मदन भण्डारी फाउन्डेसनको कला साहित्यको क्षेत्र हेर्ने हाँगामात्रै हो । यस्ता विषय सरकारका एकेडेमीले काम गर्नुपर्छ । एकेडेमीहरूमा नेपालमा चर्चित र स्थापित व्यक्तिलाई लैजानुपर्छ । त्यो काम एकेडेमीले गर्नुपर्छ । सरकारकै लगानीमा यस्ता काम आगामी दिनमा गर्न पाए राम्रो हुन्थ्यो ताकि संसारभरका नेपालीबीच सांस्कृतिक सम्बन्धलाई अगाडि बढाउन सकियोस् । राज्यले कला, साहित्य, संस्कृति क्षेत्रमा काम गर्ने संस्थालाई सहयोग गर्नुपर्छ । पुराण, महापुराणसँग जोडिएर धेरै ठूलो सम्पत्ति रहेछ । धार्मिक क्षेत्रमा काम गर्ने मानिसहरूले नेपालको धार्मिक क्षेत्रमा र नेपालीलाई उच्च आशामा बसाउन सक्नुपर्छ । धार्मिक कुराभन्दा फरक काम गर्ने हामी सांस्कृतिक पक्षलाई ध्यान दिएर काम गरिरहेका छौं । नेपालीको भावनालाई जोड्ने काम गरिरहेका छौं ।



**वीरगञ्जको होली** | वीरगञ्जको गहवामाई मन्दिर परिसरमा फूल र पुष्पगुच्छा एकापसमा छर्किएर होली मनाउँदै युवा ।
*तस्बिरः हिमाल लम्साल/रासस*

# मधेसमा सुनिन छोड्यो होलीको 'जोगिरा'

■ **अजयकुमार साह/धनुषा**

*'कौनतालपर ढोलक बाजे कौन ताल मृदंग ?*
*कौनतालपर गोरिया नाचे कौन तालपर हम ?*
*जोगिरा सर र र !!!'*

(कुन तालमा ढोलक बज्छ, कुन तालमा मृदंग, कुन तालमा कान्छी नाच्छे कुन तालमा)

वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म मिथिलाञ्चलका घर, गाउँ, टोल र छिमेकमा गाइने यस्तै माधुर्य र प्रेमभाव भएको होली गीत गाउने मानिसको अभावको कारण लोप हुँदै गएको छ । होलीमा गाइने यस्ता गीतलाई 'जोगिरा' भनिन्छ । मिथिलाञ्चलमा गाइने यस प्रकारको जोगिराले होली पर्व खेल्नेहरूबीच सद्भाव, माया र उत्साहका साथै ऊर्जाको सन्देश सञ्चार हुने संस्कृतिविद् किशोरी साह बताउँछन् । उनले भने, 'होली पर्व र संगीतबीच गहिरो सम्बन्ध हुन्छ । संगीतविनाको होलीको परिकल्पना नै गर्न सकिँदैन । भनिन्छ, होली पर्व मनभित्र रहेको कुण्ठित विचारलाई समाप्त पार्ने पर्व हो ।'

मिथिलानगरपालिका-२ नक्टाझिज बस्ने ७० वर्षीय रामखेलावन महतो पुर्ख्यौली बाजा मृदंग बजाइ फागु गीत (जोगिरा) गाउन नपाएकामा दुःखी मनले भने, 'पहिले यस्ता जोगिरा वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म गाउँगाउँ, टोलटोल घुमेर फागु पर्वको आगमन भएकोबारे गीत गाएर जानकारी दिने परम्परा थियो तर अहिले गीत गाउने बूढापाकाको कमी भएका कारण न त त्यति मात्रामा ढोल मृदंग नै बज्छ, न त फागु गीत नै गाइन्छ ।'

'यसपालिको होली मुखमा आइसक्यो, न डम्फू बज्छ न जोगिराका स्वर नै सुनिन्छ !,' वर्षौंदेखि जोगिरा गाउँदै आएका क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर कुचाइटोलका ७५ वर्षीय रामभरोसी यादवले भने । उनी भन्छन्, 'मेरा समूहका धेरै साथीको मृत्यु भइसक्यो, बाँचेका हामीहरू पनि बूढा भएर थलिएका छौं तर अझै गाउने त रस छ, तर साथ दिने कोही छैनन् ।' वसन्त पञ्चमीसँगै होली (फागु) पर्वको सन्देश छर्ने जोगिरा... अब सुनिन छाडेपछि धनुषासहितका मिथिलाञ्चल क्षेत्रको यो पुरानो संस्कृति लोप हुने स्थितिमा पुगेको छ ।

हरिहरपुरका ६५ वर्षीय रामदुलार महतोले आफ्नै शैलीमा जोगिरा सुनाए,
*किनका के हाथकनक पिचकारी,*
*किनका के हाथअबीर झोरी ?*
*रामजी के हाथ मेंकनक पिचकारी,*
*सियाजी के हाथअबीर झोरी !!*
*जोगिरा..सररर..!!*

(कसको हातमा सुन जडित पिचकारी (लोला) छ र कसको हातमा अबिरको झोला ? रामजीको हातमा सुनजडित पिचकारी छ र सीताजीको हातमा अबिरको झोला)

यस्ता पौराणिक गाथाका विषयवस्तु, भक्ति, ख्यालठट्टा, प्रेमयुक्त र रस मिसिएका मैथिली भाषामा गाइने जोगिरा अब मिथिलाञ्चलमा सुनिन छाडेका छन् । होलिया (फागु गीत गाउने गायक) का स्वरमा घरभित्र लुकेर बसेकी नवयौवना मिथिलानीलाई उकुसमुकुस बनाउने र सबै सामाजिक पर्दा उघारेर बाहिर नाच्न आउँआउँ लाग्ने जोगिरा लोप हुँदै गएपछि फागु पर्वको सौन्दर्य स्वात्तै घटेको पुराना होलियाहरू बताउँछन् । सामाजिक छुवाछूत, ठूला-साना जात र भिन्न धर्म संस्कृतिप्रति माया गर्दै सामाजिक सद्भाव र समानताको सन्देश दिन रमाउने परम्पराको होली पर्व मिथिला संस्कृतिको धरोहर मानिन्छ । तर, यसको सौन्दर्यको महत्त्वपूर्ण अंग जोगिरा लोप हुँदै गएर अब 'डिजे' बज्न थालेपछि मैथिली मौलिकता हराउँदै गएको नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कर्णले चिन्ता व्यक्त गरे ।



मिथिलाञ्चलमा बसन्तपञ्चमीदेखि होली गीत सुरु भएर मिथिला माध्यमिकी परिक्रमाको सातौं दिन महोत्तरीको भंगाहा नगरपालिका-९ कञ्चनवनमा परिक्रमा यात्रीले एकापसमा रङ अबिर खेलेपछि होली पर्व मनाउन थालिने परम्परा छ । पौराणिक कथानुसार सत्ययुगमा राजा हिरण्यकश्यपु ज्यादै अत्याचारी भएकाले आफूलाई देवताभन्दा ठूलो हुँ भन्ने घमण्ड गर्थे । उनका छोरा प्रह्लाद भगवान् विष्णुका परम् भक्त थिए । हिरण्यकश्यपुले छोरा प्रह्लादलाई विष्णुभक्तिबाट अलग गराउन होलिकासँगै आगामा जलाउँदा होलिका डढेर भष्म भइन् भने प्रह्लादलाई केही प्रभाव परेन । सोही परम्परालाई निरन्तरता दिँदै हिन्दू समाजमा फाल्गुण शुक्लपूर्णिमाको रातमा होलिकाको दहन गरी हर्ष बढाइँ गर्ने र भोलिपल्ट होली खेल्ने चलन रहि आएको भनाइ छ ।

जनकपुरधाम-१२ का सतीशलाल कर्ण भन्छन्, 'होली गीतमा पहिले कामोत्सवको मर्म, धार्मिक र आधुनिक विशिष्टता, जीवनको उमंग, ऊर्जा, संस्कृतिको प्रकाश, परम्पराको आधार तथा उन्मुक्ति थियो तर अब उच्छृंखल गीतहरू आएकाले होलीमा माधुर्य र प्रेमभाव मिसिएको गीत बिरलै सुन्न पाइन्छ ।' दोहोरी गीतझैं गाइने जोगिरा र होलीका गीतका कारण तराई मधेसका हरेक गाउँको वातावरणमा एक किसिमको रौनक छाएको हुन्थ्यो तर अहिले ती गीत भने लोप हुने अवस्थामा पुगेका छन् । नवयौवनामात्र नभई होलियाबीच नै ठट्टा गर्ने नाताबीच हुने जोगिराको कटाक्ष पनि कम मनोरञ्जक हुन्न ।

क्षीरेश्वरनाथ-७ हरिहरपुरका रामलाल महतोले भने, 'होलीको पौराणिकता अब हराइसकेको छ । दिनहुँजसो हुने झै-झगडा, रागद्वेषको कारण होली गीत गाउन नै छाडिएको छ । होलीको तर्क, दर्शन, मौलिकतालाई गम्भीरतापूर्वक नलिइएकाले अहिलेको होलीमा संकीर्णता छाएको छ । पौराणिकतासँग जोडिएको होली गीत हराउँदै गइरहेको छ ।'

पहिलेपहिले बूढापाकाले रात परेपछि गाउँको बीचमा रहेको चौपालमा झ्याल, मृदंग, ढोल, डम्फा र तुरकी लिएर समूहगतरूपमा होली गीत जोगिरा गाउने गरेको सखुवाबजारका ७० वर्षीय सत्यनाराण सिंह बताउँछन् । अब त्यो समय हराएर गएको छ । अधिकांश युवा कामका लागि खाडी मुलुक गएकाले होली गीत हराउँदै गएको बताउँदै धनुषाधाम नगरपालिकाका पर्वताका अमरलाल कर्ण भन्छन्, 'अबको होली प्रेम र सद्भावको नभएर वैमनस्यता पूर्णतामा पुगेको छ । भाङको ठाउँमा रक्सी, प्रेम र सद्भावको ठाउँमा रागद्वेष देखापरेकाले अबको होलीको पौराणिकता र माधुर्य हराउँदै गएको छ ।'

धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले अति महत्त्वपूर्ण रहेको होलीले सबै जातजातिलाई प्रभाव पारेको भए पनि होलीको रौनकता नै हराएर गएको छ । फागु पर्व सबै जातजातिले प्रेम र सद्भावका साथ मनाउँदै आइरहेका छन् । पहिलेका होली गीतमा धार्मिक तथा सद्भावको सन्देश बढी पाइन्थ्यो । अब उच्छृंखल गीतका बजारमा बढी पाउन थालिएको छ । यस्तो गीतमा अश्लील शब्द बढी भएको सखुवाबजारका रामकृपाल जयसवालको भनाइ छ ।

मिथिलाको सहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रमा गाइने यस्ता होली गीतमा विशुद्धरूपमा ग्रामीण होलीको महत्त्व, त्यस भेगको माटाको मन्दमन्द वासना हुने भएकाले यस्ता गीतको रक्षा गर्नु आजको आवश्यकता रहेको संस्कृतिविद् तथा वरिष्ठ पत्रकार रामभरोस कापडीको भनाइ छ । पौराणिक होली गीतमा विषय वासना, प्रेमालाप र राम सीता, शिव पार्वतीमा केन्द्रित भएर जोगिरा गीत गाउने परम्परा थियो । अबको होली गीतमा पश्चिमी सभ्यता, उच्छृंखलता अश्लीलताजस्ता गीतले कब्जा जमाउन थालेकाले यसको आकर्षण समाप्त हुँदै गएको कापडीको भनाइ छ ।

गाउँघरमा आजभोलि होलीका सांस्कृतिक गीतको साटो भोजपुरी र आधुनिक संस्कृतिले कब्जा जमाउन थालेको छ । वसन्त ऋतुको आगमन सँगसँगै वसन्तोत्सव पर्वका रूपमा मनाइने होली पर्वका अवसरमा गाइने जोगिरा लोप हुन थालेकाले यसको संरक्षणतर्फ ध्यान दिनुपर्ने साहित्यकार तथा संस्कृतिविद् डा. राजेन्द्र विमल बताउँछन् । 'होली यस्तो हुनुपर्छ जसमा महिला तथा पुरुष निर्धक्क भएर बाहिर निस्कन सकून् । होलीलाई एउटा यस्तो आदर्श बनाउनुपर्छ कि देश र दुनियाँले होली खेलोस् त मिथिलावासी जस्तो' उनी बताउँछन् । तराई मधेस क्षेत्रमा होली पर्वमा गाइने जोगिराको संरक्षणका लागि पछिल्लो केही वर्षदेखि जनकपुरधामस्थित मिथिला नाटच कला परिषद् (मिनाप)ले गाउँगाउँबाट होलियाहरूलाई झिकाएर जोगिरा प्रतियोगिता गराउने गरेको छ । *रासस*

# नसर्ने रोगका बिरामीको पहिचान गर्दै पौवादुङमा



**भोजपुर–** जिल्लाको पौवादुङमा गाउँपालिकाले समाजमा लुकेर रहेका नसर्ने दीर्घरोगीको खोजी थालेको छ । अस्वास्थ्य खानपान तथा जीवनशैलाका कारण नसर्ने रोग बढ्ने सम्भावनालाई ध्यानमा राख्दै रोगको न्यूनीकरण तथा रोकथामका लागि गाउँपालिकाले खोजी थालेको हो ।

गाउँपालिकाले अहिले कार्यक्रम नै सञ्चालन गरेर स्थानीयको घर/घरमा पुगेर दीर्घरागीको खोजीसँगै पहिचान गरिरहेको पौवादुङमा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख गेहेन्द्र उपाध्ययले जानकारी दिए । गाउँपालिकाका ३० वर्षमाथिका सम्पूर्ण नागरिकको स्वास्थ्य परीक्षण भइरहेको उनले बताए । हालसम्म ७०० जना स्थानीयको स्वास्थ्य परीक्षण गरिएको उनको भनाइ छ ।

'हामीले नसर्ने रोगहरूको पहिचान तथा खोजी गरिरहेका छ,' शाखा प्रमुख दाहालले भने, 'तीनवटा वडाका ७०० जनाको स्वास्थ्य परीक्षण सम्पन्न गरेका छौं । यहाँका ३० वर्षमाथिका एक हजार ७०० जनाको स्वास्थ्य परीक्षण गरेर रोगको खोजी गर्ने हाम्रो लक्ष्य छ ।'

हालसम्मको परीक्षणमा यहाँका करिब १५ प्रतिशत नागरिक नसर्ने दीर्घरोगको जोखिममा देखिएको उनले जानकारी दिए । परीक्षणका क्रममा १० जनामा मिर्गौला समस्या र १५ जनामा मधुमेहको लक्ष्य देखिएकाले उनीलाई उपचारका लागि बाहिरका अस्पतालमा पठाइएको शाखा प्रमुख दाहालले बताए ।

कार्यक्रममार्फत उच्चरक्त चाप, मिर्गौला, मधुमेह, मोटोपनका कारण लाग्ने रोगका लागि उचाइअनुसारको तौलको परीक्षण भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए । विशेषज्ञ डाक्टररुको उपस्थितिमा ल्याव परीक्षण गरेर नै नागरिकको स्वास्थ्य जाँच भइरहेको प्रशासकीय अधिकृत भट्टराईले बताए ।

'नसर्ने रोगका कारण मावन स्वास्थ्यमा पुऱ्याउने क्षतिको न्यूनीकरणका लागि हामीले त्यस्ता रोगीहरूको खोजी गरिरहेका छौं,' उनले भने, 'हामीले सानो सावधानी अपनाउन सकेको खण्डमा यस्ता रोगबाट बच्न सकिन्छ । नागरिकलाई सचेतनासँगै नसर्ने रोगको अवस्थाको जानकारी लिन रोगीहरूको खोजी थालेका हौं । कतिपय मानिसहरूले रोग लुकाएर बस्दा अकालमा ज्यान पनि जान सक्छ । समयमा नै रोग पहिचान, उपचार पद्धति र सजक गराउनका लागि यो कार्यक्रम सञ्चालन गरिरहेका छौं ।'

अस्वस्थकर खानपिन र जीवनशैलीका कारण वषेर्नी नसर्ने दीर्घरोगको बिरामी बढ्दै गएकाले समयमा नै रोगको पहिचान, रोगथाम तथा बच्ने उपायको विषयमा नागरिकलाई सचेत गराउने उद्देश्यले कार्यक्रम सञ्चालन भइरहेको गाउँपालिका अध्यक्ष किरण राईले बताए । योजनाबद्धरूपमा स्वास्थ्यका अन्य नियमित कार्यक्रम सञ्चालन भइरहेको भए पनि नसर्ने दीर्घरोगको रोकथाम तथा न्यूनीकरणका लागि नागरिकको स्वास्थ्य परीक्षणको काम भइरहेको अध्यक्ष राईले जानकारी दिए ।

'मानवको स्वास्थ्य नै धन हो,' उन भने, 'हाम्रो सानो असावधानीका कारण ठूलो रोगको सिकार बन्नुपरेको अवस्था पनि छ । नसर्ने रोगको तत्काल लक्षण नदेखिने भएकाले बेलैमा रोगको पहिचान र उपचारको प्रक्रिया अघि बढाउन बिरामीको खोजी थालेका हौं । समयमा नै दीर्घरोगको पहिचान गरेर रोकथाम तथा बच्ने उपायको विषय जानकारी गराउन अभियान सञ्चालन गरेका हौं ।'

नागरिकलाई स्वास्थ्य खानपानमा जोड्न आयातित पेय पदार्थको बिक्री वितरणमा कडाइ गरिएको अध्यक्ष राईले बताए । गाउँपालिकाले नागरिकलाई पोषणयुक्त खानपानमा प्रोत्साहन गर्न उन्नत जातका गाई, भैंसी वितरण गरिरहेकोसमेत अध्यक्ष राईले बताए । गाउँघरमा पाउने अर्गानिक बस्तुको खानपिन तथा नियमित व्यायमले नागरिकलाई स्वास्थ्य रहन मद्दत गर्ने उनको भनाइ छ । 'हामीले नागरिकको स्वास्थ्यलाई ध्यानमा राखेर विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छौं,' अध्यक्ष राईले भने, 'मानव स्वास्थ्यमा असर गर्ने खालका पेय पदार्थको बिक्री वितरणमा कडाइ गरिरहेका छौं । बाहय पेयपदार्थको विकल्पमा दही, मही प्रयोग गर्न नागरिकलाई आग्रह गरिरहेका छौं । पोषणसँगै गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउने लक्ष्यले स्थानीय कृषकलाई यो वर्ष मात्र ८० वटा उन्नत जात गाई वितरण गरेका छौं ।'

बालबालिका, गर्भवती, सुत्केरी तथा वृद्धवृद्धाको स्वास्थ्यलाई ध्यानमा राखेर गाउँपालिकाले पोषण तथा स्वास्थ्यको क्षेत्रमा विभिन्न खालका काम गरिरहेको गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताए । नागरिकलाई अर्गानिक (जैविक) खेती प्रणालीमा जोड्न महिला विकास बोर्डमार्फत गडचौला बनाउने, प्रांगारिक मल बनाउनेलगायतका कार्यक्रमसमेत सञ्चालन भइरहेको उपाध्यक्ष राईले जानकारी दिए ।

'हामीले स्वास्थ्यकर कृषि उत्पादनमा जोड दिएका छौं,' उनले भने, 'रासायनिक मलको प्रयोगका कारण पनि धेरै किसिमका रोग लाग्ने भएकाले स्वास्थ्यकर कृषि उत्पादनमा जोड दिएका हौं । कृषकलाई जैविकखेती प्रणाली लाग्न आवश्यक प्रोत्साहनसँगै सचेतनाका कार्यसमेत गरिरहेका छौं ।' *रासस*


## Tourism Development Office
### Lahan, Siraha, Madhesh Province
### Invitation for Electronic Bids

*First Date of Publication: B.S. 2081/12/01 (14th Mar, 2025)*

1. Tourism Development Office, Lahan, Siraha invites electronic bid from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.
2. For details, bidders are advised to visit website: *www.bolpatra.gov.np/egp* or may visit Tourism Development Office, Lahan, Siraha. For detail contact : 98153574179851360568

| S N | Contract No. | Description of works/Name of Project | Bid Document price (Non-refundable) | Bidsecurity Amount in (NRS)/Validity Period | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1 | 17/NCB/ WORKS/ TDOSIRAHA/ 2081/082 | Phulkaha Katti Agadiko Pokhari Saundryakaran Dhangadhi Na.pa 6 Dangrani Mandir Saundrykaran Laxmipur Patari Ga.pa 1 Siraha | Nrs. 3,000/- | 1,21,000/- 120 Days | 90 Days |
| 2 | 18/NCB/ WORKS/ TDOSIRAHA/ 2081/082 | Golbajar Na.pa Dhaminithan Dharmik Paryatakiya sthal Golbajar Na.pa , Arnama Ga.pa 4 maa Ramjanki Mandirko Compound wall Aewm Saundryakaran Nirman Karya | Nrs. 3,000/- | 1,22,000/- 120 Days | 90 Days |
| 3 | 19/NCB/ WORKS/ TDOSIRAHA/ 2081/082 | Siraha Karjnaha 7 Salhesh Mandir Saundryakaran ra Mirchaiya 8 Kamaldah Paryatakiya chhetra Piknik Park Nirman | Nrs. 3,000/- | 1,26,500/- 120 Days | 90 Days |

**Office Chief**

# प्रभाव दैनिक

शुक्रबार, १ चैत २०८१ (Friday, March 14, 2025)





## दीपकराज कालीराजको 'परदेशी' सार्वजनिक

गायक दीपकराज कालीराजको नयाँ गीत 'परदेशी' सार्वजनिक भएको छ। घरपरिवार तथा गाउँघरको माया तथा परदेशी जीवनको कथा समेटिएको गीतमा बी पाण्डेको शब्द, बिपी वाग्लेको सङ्गीत र भद्र ओलीको एरेञ्ज रहेको छ। एकोस्टिक स्टुडियोमा रेकर्ड गरिएको गीतमा चन्द्र चौधरीले मिक्सिङ गरेका छन्। पार्वती चापागाईंको निर्देशन र शीतल वाग्लेको सह-निर्देशन रहेको गीतको भिडियोमा मदन सिलवाल, राजा राजपुत, सुरज खाती, दीपकराज कालीराजको अभिनय छ।




# 'कर्मा' मा मुकुनको यस्तो लुक्स

■ प्रभाव संवाददाता

**काठमाडौं –** चलचित्र 'कर्मा'का कलाकार मुकुन भुसालको क्यारेक्टर लुक्स सार्वजनिक भएको छ। निर्माणपक्षले होलीको अवसर पारेर मुकुनको क्यारेक्टर लुक्स सार्वजनिक गरेको हो।

तिलचामले कपाल र दारीजुंगामा ठाँटिएका मुकुन डेन्डसम देखिएका छन्। कोट र टाइमा देखिएका उनी एंग्री लुक्समा छन्। उनको हेराइले बदलाको चरणमा उनी रहेको संकेत गर्छ। उनको यो लुक्सले उनी खलपात्रको रूपमा चलचित्रमा रहेको प्रष्ट पार्छ। ग्रे जोनमा बस्ने खलपात्र रहेका हुन् कि भन्ने अनुमान लगाउन सकिन्छ।

होलीको अवसरमा क्यारेक्टर लुक्स आएकाले शुभकामना हो वा चलचित्रमा नै होलीको सिन छ, त्यो भने निर्माणपक्षले प्रष्ट पारेको छैन। तर, तराईमा सिनेमा खिचिएकाले होलीको दृश्य हुन पनि सक्ने




सामान्य अनुमान गर्न भने सकिन्छ।

यसअघि, निर्माणक्षले उपासना सिंह ठकुरीको लुक्स पनि सार्वजनिक गरेको थियो। जहाँ उनी कुर्थासुरुवालमा देखिएकी थिइन्। 'कर्मा'लाई 'अगस्त्य' फेम्ड निर्देशक सौरभ चौधरीले निर्देशन गरेका छन्। 'कर्मा'को छायांकन दाङ र काठमाडौंमा गरिएको छ

चलचित्र 'कर्मा' चैत २९ गते रिलिज हुँदै छ। नेपाल र विदेशमा यो चलचित्र एकसाथ प्रदर्शन हुनेछ। एक्सन जनरामा निर्माण भएको 'कर्मा'मा विपीनको पहिलो एक्सन सिनेमा हो।

'कर्मा'मा विपीनसँगै उपासना सिंह ठकुरी, मुकुन भुसाल, दिव्यदेवलगायत कलाकारको अभिनय रहेको छ। एक्सन ड्रामा जनरामा निर्माण भएको सिनेमाको कथा निर्देशक चौधरी स्वयंले लेखेका छन्। 'कर्मा'ले अन्तर र्ष्ट्रिय प्रदर्शन अधिकार बिक्रीको अधिकार सेभेन सिज सिनेमाले लिएको छ।

केही समयअघि सार्वजनिक पोस्टरले दर्शकमाझ उत्सुकता बढाएसँगै ओभरसिज मार्केटमा पनि दर्शकमा 'कर्मा'प्रति चासो रहेको सेभेन सिज सिनेमाले बताएको छ। आर्टिस्टिक इनटरटेनमेन्टको प्रस्तुति रहने 'कर्मा'मा वसन्त लम्सालको लगानी रहेको छ। निर्देशक चौधरीको 'अगस्त्य: च्याप्टर १'ले दर्शक र समीक्षकको राम्रो प्रतिक्रिया पाएको थियो। निर्माणपक्षले 'कर्मा'को टिजर भोलि शुक्रबार सार्वजनिक गर्ने तयारी गरेको छ।

# 'परालको आगो'मा प्रकाश सपुत

■ प्रभाव संवाददाता

**काठमाडौं–** कथाकार गुरूप्रसाद मैनालीको कृति 'परालको आगो'मा आधारित रहेर निर्माण हुने फिल्म 'परालको आगो'मा कलाकार प्रकाश सपुत अनुबन्धित भएका छन्।

फिल्म निर्माण कम्पनी हरिओम सिने मेकर्सका तर्फबाट निर्माता सुशील पोखरेलले प्रकाशलाई फिल्ममा अनुबन्ध गरेका हुन्। मैनाली कथा पुरस्कार ट्रस्टले हरिओम सिने मेकर्स निर्माता कम्पनीलाई फिल्म निर्माणको मञ्जुरी दिइसकेको छ। 'परालको आगो' मैनालीको कथा संग्रह 'नासो'मा संग्रहित छ।

निर्माता पोखरेलका अनुसार प्रकाश फिल्मका प्रमुख दुई पात्रमध्ये एक हुन्। यसअघि प्रमुख कलाकारका रूपमा जितु नेपाल र सुहाना थापा अनुबन्धित भइसकेका छन्। निर्माता पोखरेलले चामे, गौंथली र जुठे दमाईको वरिपरि घुम्ने कथामा जितु र प्रकाशको क्यारेक्टर चामे र जुठे दमाईमध्ये कुन भन्ने चाहिँ अहिले सस्पेन्समा नै राखेको बताए।

फिल्ममा सुशील देवकोटाको लेखन, संकल्प भुजेलको छायांकन, रामजी लामिछानेको कोरियोग्राफी, सत्य-स्वरूपराज आचार्यको संगीत हुनेछ। फिल्मका निर्माण नियन्त्रण नगेन्द्र घिमिरे हुन्। निर्माता पोखेलका अनुसार फिल्मको प्रदर्शन २०८२ मा हुनेछ। यो नाममा ४५ वर्षअघि निर्देशक प्रताप सुब्बाले फिल्म निर्माण गरेका थिए।

निर्माता पोखरेलले यसपटक लोकेसन, प्रस्तुतीकरण र पटकथालाई फरक किसिमले फिल्ममा प्रस्तुत गर्न लागेको बताए। फिल्ममा निर्देशक लक्ष्मण सुनारको निर्देशन रहने छ। कथा 'परालको आगो' मा दुई पात्र चामे र गौंथलीको झैँझगडालाई प्रस्तुत गरिएको छ। निर्माता पोखरेलले यसअघि फिल्महरू 'मैदान', 'जीवनदाता', 'निगरानी', 'जय शिव शंकर', 'लभ सभ', 'राधे' र 'यात्रा' निर्माण गरिसकेका छन्।


# फरक चलचित्र 'आउट लः दफा २१९'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा केही वर्षयता सामाजिक विषयवस्तुसँग जोडिएका चलचित्र बढी निर्माण भइरहेका छन्। सामाजिक विषय र हास्यप्रधान प्रस्तुतीकरण रहका चलचित्रले दर्शकको साथ पनि राम्रै पाइरहेका छन्। 'छक्का पञ्जा', 'कबड्डी', 'जात्रा' चलचित्रका शृफ्लाको व्यापार हेर्दा नेपालमा हास्यप्रधान चलचित्रमा दर्शक आकर्षित रहेको बुझ्न सकिन्छ।

फरक विषय वा प्रस्तुतीकरण भएका चलचित्र निर्माण गर्नु चलचित्रकर्मीको दायित्व रहेको निर्देशक बिक्की महर्जनको बुझाइ छ। यही महसुस गरेर उनले दुई वर्षअघि पहिलो चलचित्र निर्देशन गर्ने सोच बनाउँदा द्वन्द्व विधालाई रोजे। उनले निर्देशन गरेको चलचित्र 'आउट लः दफा २१९' द्वन्द्व विधामा तयार गरिएको छ। 'हामीले बनिरहेका चलचित्रभन्दा फरक गर्ने कोसिस गर्दै जोखिम मोलेर पनि द्वन्द्व विधामा चलचित्र तयार गरेका छौँ। यस चलचित्रको प्रस्तुतीकरणको शैली बनिरहेकाभन्दा फरक छभने हामीले दफा २१९ को विषयलाई उठाएका छौँ। महिला हिंसा र बलत्कारका विषय चलचित्रमा समेटेका छौँ', निर्देशक महर्जनले भने।

उनले चलचित्रलाई बिनासम्झौता तयार गर्न दुई वर्ष समय लागेको जानकारी दिए। अन्य विधाको तुलनामा द्वन्द्व विधामा निर्माण गरिने चलचित्रमा




जोखिम हुनाका साथै लगानी बढी लाग्ने अभिनेता सुशील श्रेष्ठको भनाइ छ। पहिलोपटक द्वन्द्वप्रधान चलचित्रमा काम गरेका अभिनेता श्रेष्ठले चलचित्रको काम सुरु हुँदादेखि प्रदर्शनसम्म दुई वर्ष समय दिएको बताए। उनले भने, 'एउटा राम्रो चलचित्र बनाउन र नेपालमै उपलब्ध स्रोतसाधनको प्रयोग गर्न हामीले कुनै कसर बाँकी राखेका छैनौँ। एउटा द्वन्द्वको दृश्य खिच्न नौ दिन लागेको छ। यस्ता दृश्य खिच्दा थकित हुनाका साथै जोखिम पनि उत्तिकै हुन्छ।'

विदेशी चलचित्रमा कलाकारझैँ देखिने जोखिमका दृश्य 'बडी डबल' भए पनि नेपालमा भने अभिनेताले नै सबै दृश्यमा आफैँले छायाङ्कन गर्नुपर्छ। द्वन्द्वका दृश्यको छायाङ्कन गर्दा अभिनेता श्रेष्ठको हातको औँला भाँचिनेदेखि चोटपटक लागेको थियो। प्रायः प्रेमकथानक चलचित्रमा देखिरहेका अभिनेता श्रेष्ठका लागि यसपटक फरक विधाको चलचित्रमा काम गर्नु चुनौतीसँगै अवसर पनि थियो। 'एकै किसिमको चलचित्रमा काम गर्दा हाम्रो विषयमा धारणा नै बन्छ, त्यसकारण पनि मैले जोखिम मोलेर फरक विधामा प्रयास गरेँ। छायाङ्कनका क्रममा घाइते भएर पनि काम गरेको दृश्यलाई पर्दामा हेर्दा सन्तुष्टि मिलेको छ। चलचित्र भनेको सामूहिक कार्य हो, राम्रो बनाउन हामी सबैले उत्तिकै मेहनत गरेका छौँ', उनले भने।

चलचित्रका निर्देशक महर्जनले चलचित्र छायाङ्कनसँगै त्यसपछि गरिने प्राविधिक कार्यका लागि समय लागेको बताए। 'हाम्रो चलचित्रमा प्राविधिक पक्षलाई समय दिनुपरेकाले दर्शकसम्म ल्याउन समय लागेको हो किनकि विदेशी चलचित्र हेरेर तारिफ गर्ने दर्शकले हाम्रोमा कमी नदेखुन् भन्ने हामी सम्पूर्ण निर्माण समूहलाई लाग्थ्यो। पारिवारिक चलचित्र मात्र बनिरहेको सन्दर्भलाई मध्यनजर गर्दै विविधता चाहिन्छ भनेर द्वन्द्वप्रधान चलचित्र निर्माण सुरु गरेका थियौँ। त्यसैले यसमा गर्नुपर्ने मेहनत र लगानीमा कुनै सम्झौता गरेका छैनौँ', निर्देशक महर्जनले भने।

उनका अनुसार विदेशी चलचित्रमा देखिने द्वन्द्वका दृश्यझैँ 'आउट लः दफा २१९' का दृश्यलाई तयार गरिएको छ। यही फागुन २९ गतेदेखि देशभर प्रदर्शन हुने चलचित्रलाई अमित अग्रहरी र निशा गुइडेले निर्माण गरेका हुन्। निर्देशक महर्जन र दीर्घ धामीले संयुक्त रूपमा पटकथा तयार गरेको चलचित्रमा नवीन गुरुङले छायाङ्कन र साहिल खानले सम्पादन गरेका हुन्।



## महिला टी-२० आई शृंखला

# युगाण्डासँग हारेसँगै नेपाल फाइनलको दौडबाट बाहिर

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले जारी चार देशीय सिरिजमा चौथो हार बेहोरेको छ। विहिबार नेपाल युगाण्डासँग ४० रनले पराजित भएसँगै सिरिजमा चौथो हार बेहोरेको हो। युगाण्डाले दिएको ९२ रनको लक्ष्य पछ्याएको नेपालले १७.१ ओभरमा अल आउट हुदै ५१ रन मात्र बनाएको थियो।

नेपालका लागि कबिता जोशीले १२ र इन्दु बर्माले ११ रन बनाएका थिए। यसअघि टस जितेर पहिला ब्याटिंग गर्ने निर्णय गरेको युगाण्डाले २० ओभरमा ५ विकेट गुमाउदै ९१ रन बनाएको थियो। युगाण्डाका लागि रिताह मुसमालीले सर्बाधिक ३८ र एसथर इलोकुले २२ रन बनाएकी थिइन्। त्यस्तै नेपाली बलर रिया श्रेष्ठले २ विकेट लिएकी थिइन् भने इश्वरी विष्ट, पुजा महतो र रुबिना क्षेत्रीले एक एक विकेट लिएका थिए।




यो हारसँगै नेपालको फाइनलको सम्भावना समाप्त भएको छ। नेपालले ५ खेलमा ४ हार र एक जित हासिल गरेको छ। नेपालले यस अघि नामिबियासँग दुवै पटक तथा हङकङ र युगाण्डासँग एक एक खेलमा हार बेहोरेको थियो। त्यस्तै आयोजक युगाण्डालाई एक खेलमा पराजित गरेको थियो।

यो खेलपछि अब नेपालले मार्च १४ मा हङकङविरुद्ध खेल्ने तालिका रहेको छ। त्यसपछि मार्च १६ मा अंक तालिकामा पहिलो र दोस्रो हुने तथा तेस्रो र चौथो हुने देशबीच खेल हुने तालिका रहेको छ।

# फकुन्लेको ह्याट्रिकसँगै चर्च ब्वाइज फाइनलमा

**काँकडभिट्टा (प्रस)–** ३-० को अवस्थामा पुनरागमन जित निकाल्दै 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेडलाई मेचीनगर गोल्डकपको उपाधिनजिक पुगेको छ। अबयोमी फकुन्लेको ह्याट्रिकसँगै बिहीबार सम्पन्न दोस्रो सेमिफाइनलमा चर्च ब्वाइजले लिग उपविजेता मच्छिन्द्र फुटबल क्लबलाई ४-३ ले पाखा लगाएको हो।

चर्च ब्वाइजले अब उपाधिका लागि शनिबार आयोजक काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टरसँग प्रतिस्पर्धा गर्नेछ। खेलको ३०औं मिनेटमा युसुफ मलिकको गोलमार्फत मच्छिन्द्रले सुरुआती अग्रता लियो।

पेनाल्टी एरियामा क्लियर हुन नसकेको बललाई विदेशी खेलाडी मलिकले गोल गरेका हुन्। ४३औं मिनेटमा मच्छिन्द्रले अग्रता दोब्बर बनायो। आदित्य शाक्यको क्रसमा आन्द्रेस नियाले गोल गरे। त्यसको एक मिनेट बित्न नपाउँदै मलिकले मच्छिन्द्रका लागि अर्को गोल थपे। मैदानको मध्यभागबाट अगाडि बढाइएको बललाई उनले सुन्दर फिनिसिङ गरेका थिए। तर, पहिलो हाफमा लिएको तीन गोलको अग्रतालाई मच्छिन्द्रले कायम राख्न सकेन।

६१औं मिनेट विदेशी खेलाडी अबयोमी फकुन्लेले गोल गर्दै चर्च ब्वाइजलाई ३-१ मा ल्याए। विपक्षी डिफेन्डरले क्लियर गर्न नसकेको बललाई उनले एकल प्रयासमा गोल गरे। ६९औं मिनेटमा फकुन्लेले व्यक्तिगत दोस्रो गोल गरे।

डिफेन्सको तालमेल नमिल्दा दोस्रो बार च्यापेर उनले गरेको सटिक प्रहार गोलमा परिणत भएयो। ७८औं मिनेटमा रिचार्ड विल्सनले गोल गर्दै खेल ३-३ को बराबरीमा ल्याए। विदेशी खेलाडी फकुन्लेको क्रसमा उनले मच्छिन्द्रका दुई जना डिफेन्डरलाई बिट गर्दै गोल गरेका थिए। ८७औं मिनेटमा फकुन्लेले ह्याट्रिक पूरा गरे। मच्छिन्द्रका डिफेन्डर अघि बढेको मौकाको फाइदा लिँदै उनले प्रतियोगिताकै पहिलो ह्याट्रिक पूरा गरे। योसँगै मच्छिन्द्रले फाइनलको यात्रासमेत तय गऱ्यो। प्लेयर अफ द म्याच ह्याट्रिक फकुन्ले भए र नगद ११ हजार रूपैयाँ पाए।

## पिएम कप

# आर्मी, लुम्बिनी र एपिएफ विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** जारी पीएम कपका बिहीबार भएका खेलमा त्रिभुवन आर्मी क्लब, लुम्बिनी र एपीएफ क्लब विजयी भएका छन्।

बिहीबार भएको खेलमा नेपाली सेनाको त्रिभुवन आर्मीले लगातार तेस्रो जित हासिल गरेको छ। विहिबार सम्पन्न खेलमा आर्मीले कर्णाली प्रदेशलाई १२७ रनको फराकिलो अन्तरले पराजित गरेको हो।

आर्मीले दिएको २६३ रनको लक्ष्य पछ्याएको कर्णालीले ३७.१ ओभरमा अलआउट हुदै १३५ रन मात्र बनाएको थियो। कर्णालीका लागि प्रकाश जोशीले अविजित ५० रन बनाएका थिए भने विपिन रावलले २३ रन बनाएका थिए। त्यस्तै आर्मीका बलर शाहाब आलमले सर्बाधिक ३ विकेट लिए भने सोमपाल कामी, आकाश चन्द र कुशल मल्लले २-२ विकेट लिएका थिए।

यसअघि टस हारेर पहिला ब्याटिंग गरेको आर्मीले ५० ओभरमा ९ विकेट गुमाउँदै २६२ रन बनाएको थियो। आर्मीका लागि ट्रीत राज दासले सर्बाधिक ६९ रन बनाए भने कप्तान विनोद भण्डारीले ५६ रन बनाएका थिए। त्यस्तै भिम सार्कीले ४० र बसिर अहमदले ३६ रन बनाएका थिए। त्यसैगरी कर्णालीका प्रकाश जोशीले ४ र दिनेश अधिकारीले ३ विकेट लिएका थिए। यो जितपछि आर्मीले ३ खेलमा ६ अंक हासिल गर्दै शीर्षस्थानमा उक्लिएको छ भने कर्णालीको ३ खेलमा २ हार र एक जितसहित २ अंक रहेको छ।



### गण्डकीमाथि लुम्बिनी विजयी

जारी पीएम कपमा लुम्बिनी प्रदेशले गण्डकी प्रदेशलाई पराजित गरेको छ। विहिबार सिद्धार्थनगर रंगशालामा सम्पन्न खेलमा लुम्बिनीले गण्डकीलाई १४ रनले पराजित गरेको हो।

लुम्बिनीले दिएको २१८ रनको लक्ष्य पछ्याएको गण्डकीले ५० ओभरमा ९ विकेट गुमाउदै २०३ रन बनाएको थियो। गण्डकीका लागि अर्जुन कुमालले सर्बाधिक ६२ रन बनाए भने सुबास भण्डारीले ३० रन बनाएका थिए। त्यस्तै लुम्बिनीका बलर निर्मल गुरुङले ३ विकेट लिए भने बिप्रासन केसीले २ विकेट लिएका थिए।

यसअघि टस हारेर पहिला ब्याटिंग गरेको लुम्बिनी ४९.५ ओभरमा अल आउट हुदै २१७ रन बनाएको थियो। लुम्बिनीका लागि प्रज्वल थापाले सबधिक ७२ रन बनाए भने म्रिनल गुरुङले ३८, कप्तान देव खनालले ३३ रन बनाएका थिए। त्यसैगरी गण्डकीका बलर अमृत गुरुङले ३ विकेट लिएका थिए भने चन्द्र पौडेल र विपिन खत्रीले २-२ विकेट लिएका थिए। यो जित पछि लुम्बिनीको ३ खेलमा २ जित र एक हारसहित ४ अंक भएको छ भने गण्डकी प्रदेशको ३ खेलमा २ हार र एक जितसहित २ अंक रहेको छ।

### मधेश प्रदेशमाथि एपीएफ विजयी

जारी पीएम कपमा एपीएफ क्लबले लगातार दोस्रो जित हासिल गरेको छ। विहिबार सम्पन्न खेलमा एपीएफले मधेश प्रदेशलाई २ विकेटले पराजित गरेको हो।

मधेश प्रदेशले दिएको केअब्ल १६९ रनको लक्ष्य पछ्याएको एपीएफले ३६.५ ओभरमा ८ विकेट गुमाउँदै लक्ष्य पुरा गरेको थियो।

एपीएफको जितमा सुमित महर्जनले सर्बाधिक ३५ रन बनाएका थिए भने आसिफ सेखले ३४, कमल सिंह ऐरीले अविजित २८, लोकेश बमले १८ र अमर राउटेलाले १६ रन बनाएका थिए। त्यस्तै मधेशका बलर कमला गुप्ताले ४ विकेट लिएका थिए भने प्रदिप पासवानले २ विकेट लिएका थिए।

यसअघि टस जितेर पहिला ब्याटिङ गरेको मधेश प्रदेशले ४०.४ ओभरमा अलआउट हुँदै १६८ रन मात्र बनाएको थियो।

मधेशका लागि पवन सराफले ७७ रन बनाएका थिए। पवनले प्रतियोगितामा लगातार दोस्रो अर्धशतक बनाएका थिए। उनले यसअघि कोशी प्रदेशविरुद्ध ९२ रन बनाएका थिए। त्यस्तै एपीएफका बलर कमल सिंह ऐरीले ४ विकेट लिएका थिए भने कप्तान रोहित पौडेल र भुवन कार्कीले २-२ विकेट लिएका थिए।

यो जितपछि एपीएफको २ खेलमा दुवै जितसहित ४ अंक भएको छ भने मधेश प्रदेशको २ खेलमा एक जित र एक हारसहित २ अंक रहेको छ।



भारतको चेन्नाइमा पोंगला पर्व मनाउनका लागि चामलको दलिया तयार पार्दै हिन्दू महिलाहरू । *तस्बिरः एएफपी*

# ‘अनुचित व्यापार अभ्यास’ अझ सामान्य हुने दक्षिण कोरियाली मन्त्रीको चेतावनी



**सियोल–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको विश्वव्यापी इस्पात र एल्मुनियममा लगाइएको भन्सार शुल्कबाट सिओल प्रभावित भएपछि दक्षिण कोरियाले ‘अनुचित व्यापार अभ्यासहरू’ अझ बढी सामान्य हुने अपेक्षा गरेको व्यापार, उद्योग र ऊर्जामन्त्री आन डक-गेउनले बिहीबार बताएका छन् । उनले यसले दृढ कारबाही आवश्यक पर्ने बताए ।

सिओलको प्रयासका बावजुद कुनै छुट नदिइकन यी धातुहरूमा अमेरिकाको तीव्र २५ प्रतिशत भन्सार शुल्क बुधबारदेखि लागू भएको छ । गत वर्ष दक्षिण कोरियाले संयुक्त राज्य अमेरिकामा तीन अर्ब २० करोड अर्ब डलरको इस्पात ढुवानी गरेको थियो । यो अमेरिकी वाणिज्य मन्त्रालयको अन्तर्राष्ट्रिय व्यापार प्रशासनको तथ्यांकअनुसार समग्रमा छैटौं स्थानमा रहेको थियो ।

मुलुकको ६० करोड डलरको एल्मुनियम निर्यातले देशलाई अमेरिकी आपूर्तिकर्ताहरूमध्ये चौथो स्थानमा राखेको थियो । ‘अनुचित व्यापार अभ्यासहरू बारम्बार हुने अपेक्षा गरिएको छ र सरकारले दृढतापूर्वक प्रतिक्रिया दिने छ,’ मन्त्री आनले प्रमुख इस्पात कम्पनीहरूसँगको बैठकमा भने, ‘हामीले डम्पिङ र इस्पात आयातको अनुगमनसहित व्यापार रक्षा प्रणालीहरू सुदृढ गर्न काम गरिरहेका छौं ।’

‘उच्चस्तरको अनिश्चितताालाई ध्यानमा राख्दै, म तपाईंलाई उच्च मूल्य थपिएका उत्पादनहरूमा केन्द्रित अग्रगामी लगानी र निर्यात रणनीतिहरू विचार गर्न आग्रह गर्दछु,’ आनले कम्पनीहरूलाई आफ्ना रणनीतिहरू परिवर्तन गर्न आग्रह गर्दै भने, ‘सरकारले पनि यस दिशामा आफ्नो समर्थन केन्द्रित गर्ने छ ।’

दक्षिण कोरियाको व्यापार मन्त्रालयले ‘अनुचित इस्पात आयात र व्यापार मुद्दाहरूलाई सम्बोधन गर्ने’ रणनीति मार्चमा विकास गरी अन्तिम रूप दिइने बताएको छ । सिओलका अर्का व्यापारमन्त्री बिहीबार वासिङ्टन गए र उनले ‘देशमाथिको आर्थिक प्रतिबन्धहरू कम गर्न वार्ता गर्ने’ बताए ।

‘दक्षिण कोरिया संयुक्त राज्य अमेरिकाको आर्थिक सुरक्षा नीतिहरूसँग सबैभन्दा संलग्न साझेदारहरूमध्ये एक हो भन्ने कुरामा जोड दिने योजना थियो,’ चेओङ इन-क्योले प्रस्थान गर्नुअघि बिहीबार पत्रकारहरूलाई भने । गत हप्ता ट्रम्पले अन्य देशहरूसँगै दक्षिण कोरियालाई ‘अनुचित’ अभ्यासहरूका लागि आलोचना गर्दै सियोलको ‘औसत भन्सार शुल्क अमेरिकी आयात करको तुलनामा चार गुणा बढी’ रहेको बताएका थिए । उनले वासिङ्टनले आणविक-सशस्त्र उत्तर कोरियाविरुद्ध आंशिकरूपमा सुरक्षा दिन त्यहाँ तैनाथ अमेरिकी सैनिकहरूको दशौं हजारको उल्लेख गर्दै दक्षिण कोरियालाई ‘सैन्य रूपमा यति धेरै मद्दत’ दिएको भनेर गुनासो गरे ।

ट्रम्पको सम्बोधनको केही घण्टापछि, दक्षिण कोरियाको व्यापार मन्त्रालयले द्विपक्षीय मुक्त-व्यापार सम्झौताका कारणले ‘संयुक्त राज्य अमेरिकाबाट दक्षिण कोरियामा आयातमा भन्सार शुल्क प्रभावकारी रूपमा शून्य प्रतिशतको नजिक छ’ शीर्षकसहितको विज्ञप्ति जारी गरेको थियो ।

वासिङ्टनका अनुसार सन् २०२४ मा दक्षिण कोरियामा अमेरिकी निर्यात ६५ अर्ब ५० करोड डलर थियो । यो अघिल्लो वर्षको तुलनामा ०.७ प्रतिशतले बढेको छ भने आयात १३.३ प्रतिशतले बढेर एक खर्ब ३१ अर्ब ५० करोड अर्ब डलर पुगेको छ । कार र अटोमोबाइल पार्ट्सले संयुक्त राज्य अमेरिकामा दक्षिण कोरियाको निर्यातको लगभग एक तिहाइ हिस्सा बनाउँछ भने पेट्रोलियम र धातुहरू देशबाट सबैभन्दा ठूलो आयात हुन् । *रासस/एएफपी*

# युक्रेन युद्धविरामको सम्भावनाप्रति ट्रम्प आशावादी



**वासिङ्टन–** किएभ र मस्कोले बिहीबार बिहानै ताजा हवाई आक्रमणहरू सुरु गरे पनि राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी वार्ताकारहरूले युक्रेन युद्धमा युद्धविराम सुरक्षित गर्न सक्ने आशा व्यक्त गरेका छन् । संयुक्त राज्य अमेरिकाले रुसलाई विनाकुनै सर्त शत्रुतालाई रोक्न सहमत होस् भन्ने चाहेको अधिकारीहरूले बुधबार बताएका छन् ।

क्रेमलिनले यस साता सहमत भएको अमेरिकी-युक्रेनी प्रस्तावको विवरणको प्रतीक्षा गरिरहेको बताएको छ र विगत तीन वर्षमा दशौं हजारलाई मृत्युको मुखमा पुर्‍याएको लडाइँ रोक्ने आफ्नो तत्परताको कुनै संकेत दिएको छैन । राष्ट्रपति भ्लादिमिर पुटिनले गत वर्षको आक्रमणमा रूसी क्षेत्र कब्जा गर्न लडिरहेका युक्रेनी सेनाहरू विरुद्ध लाभ हासिल गरेका रूसी सेनाहरूको भ्रमण गरेका थिए ।

युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले आफ्नो देश सम्झौता गर्न तयार रहेको बताए । पुटिनले सम्झौता गर्न अस्वीकार गरेमा अमेरिकाले ‘कडा’ प्रतिक्रिया दिने संकेत दिएको छ । ‘हामी अहिले बोलिरहेकै बेला मानिसहरू रुस गइरहेका छन् र आशा छ कि हामी रुसबाट युद्धविराम प्राप्त गर्न सक्छौं,’ ट्रम्पले आयरल्यान्डका प्रधानमन्त्री माइकल मार्टिनसँगको ओभल अफिस बैठकका क्रममा पत्रकारहरूलाई भने ।

ह्वाइट हाउसले गाजा र युक्रेन युद्धका मध्यस्थकर्ता ट्रम्पका दूत स्टिभ विटकोफ यस हप्ता मस्कोमा हुने बताएको छ । बुधबार ट्रम्पले पुटिनसँग कुरा गर्ने कि नगर्ने उल्लेख गरेनन् तर मस्कोबाट ‘सकारात्मक सन्देश’ आएको भन्दै भने, ‘मलाई आशा छ कि उनले युद्धविराम गर्नुहुने छ ।’

## भयानक रक्तपात अन्त्यको अपेक्षा

‘यदि लडाइँ रोक्न सकियो भने मलाई लाग्छ यो भयानक रक्तपात अन्त्य गर्ने ८० प्रतिशत बाटो हुने छ,’ ट्रम्पले भने । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले वासिङ्टनले मस्कोको सहमति विनाकुनै सर्त चाहेको बताए ।

‘यही कुरा हामी जान्न चाहन्छौं- यदि उनीहरू विनासर्त यो गर्न तयार छन् भने,’ क्यानडामा जी-७ बैठकमा जाने विमानमा रुबियो भने, ‘यदि जवाफमा ‘हो’ भने, त्यसपछि हामीलाई थाहा छ कि हामीले वास्तविक प्रगति गरेका छौं र शान्तिको वास्तविक सम्भावना छ । यदि उनीहरूको जवाफमा ‘होइन’ भने, यो अत्यन्त दुर्भाग्यपूर्ण हुने छ र यसले उनीहरूको अभिप्राय स्पष्ट पार्ने छ ।’

रूसी समाचार एजेन्सीहरूले पहिले नै सिआइए र रुसको एसभिआर विदेशी गुप्तचर एजेन्सीका प्रमुखहरूले केही वर्षमा पहिलोपटक फोन वार्ता गरेको खबर दिएका थिए । रुबियोले क्यानाडाको चार्लोभिक्समा भएको जी-७ बैठकमा पहलको बारेमा अपडेट दिने तय थियो । फ्रान्स, बेलायत, जर्मनी, इटली र पोल्यान्डका रक्षामन्त्रीहरू पेरिसमा भेला भएर उनीहरूले युक्रेन र कुनै पनि युद्धविरामलाई कसरी समर्थन गर्न सक्छन् भन्ने बारे छलफल गरेका थिए ।

मंगलबार साउदी अरेबियामा भएको बैठकमा सहमत भएको अमेरिका-युक्रेन प्रस्तावमा क्रेमलिनले तत्काल कुनै टिप्पणी नगरेको बेला रुसी विदेश मन्त्रालयले यस महिनाको सुरुमा अस्थायी युद्धविराम अस्वीकार्य हुने बताएको थियो । ट्रम्पले रुसले सम्झौता गर्न अस्वीकार गरेमा ‘विनाशकारी’ प्रतिबन्धहरू लाग्न सक्ने बताए । ‘म आर्थिकरूपमा यस्ता कुराहरू गर्न सक्छु जुन रुसका लागि धेरै नराम्रो हुने छ । म त्यसो गर्न चाहन्न किनभने म शान्ति चाहन्छु,’ उनले भने ।

## “रूसीहरूलाई विश्वास गर्दैनौं”

पछिल्लो नाटकीय कूटनीतिक मोड ट्रम्पले युक्रेनी राष्ट्रपति जेलेन्स्कीको अमेरिकी सहायताप्रतिको कृतज्ञताको कमीको गुनासो गर्दै उनलाई ह्वाइट हाउसबाट निकालेको दुई हप्ताभन्दा कम समयमा आएको हो । ट्रम्पले किएभसँगको सैन्य सहायता र गुप्तचर साझेदारी रोके तर मंगलबार युद्धविराम प्रस्तावमा सहमति जनाएपछि त्यो फेरि सुरु भयो ।

ट्रम्पले जेलेन्स्कीलाई ह्वाइट हाउसमा फेरि स्वागत गर्न तयार रहेको र यस हप्ता पुटिनसँग कुरा गर्न सक्ने अनुमान गरेको पहिले नै बताएका थिए । किएभमा जेलेन्स्कीले यदि मस्कोले युद्धविराम स्वीकार गरेन भने संयुक्त राज्य अमेरिकाले त्यसमाथि दबाब दिने बताएका छन् ।

‘म बुझ्छु कि हामी कडा कदमहरूमा भरोसा गर्न सक्छौं । मलाई अझै विवरण थाहा छैन तर हामी प्रतिबन्ध र युक्रेनलाई बलियो बनाउने बारेमा कुरा गरिरहेका छौं,’ जेलेन्स्कीले पत्रकारहरूलाई भने, ‘सबै कुरा रुसले युद्धविराम र शान्ति चाहन्छ वा मानिसहरूको हत्या जारी राख्न चाहन्छ भन्ने कुरामा निर्भर गर्दछ ।’

उनले युक्रेनीहरूलाई लडाइँ रोकिने छ भन्ने विश्वास नभएको बताए । ‘मैले यसलाई धेरै पटक जोड दिएको छु, हामीमध्ये कसैले पनि रुसीहरूलाई विश्वास गर्दैनौं,’ उनले भने । युक्रेनले युद्धको मैदानमा बढ्दो पीडा भोगिरहेको छ र देशको पूर्व र दक्षिणमा जमिन गुमाएको छ । त्यहाँ अधिकारीहरूले बुधबार आठ जनाको मृत्यु भएको बताएका छन् ।

रुसले पनि गत अगस्टमा आश्चर्यजनक आक्रमण गरेका युक्रेनी सैनिकहरूलाई पछि धकेल्दै आफ्नो पश्चिमी कुर्स्क क्षेत्रमा पुनः भूमि फिर्ता पाएको छ । बुधबार रुसी टेलिभिजनमा पुटिनलाई कुर्स्कमा सेनाले भ्रमण गरेको देखाइएको थियो । ‘म यस तथ्यमा भर पर्दै छु कि हाम्रा एकाइहरूले सामना गर्ने सबै लडाइँ कार्यहरू पूरा हुनेछन् र कुर्स्क क्षेत्रको भूमि चाँडै नै शत्रुबाट पूर्णरूपमा मुक्त हुने छ,’ पुटिनले भने ।

रुसी स्टाफका प्रमुख जनरल भ्यालेरी गेरासिमोभले चार सय ३० युक्रेनी सैनिकहरूलाई पक्राउ गरिएको बताए । पुटिनले उनीहरूलाई ‘आतंकवादी’ भने । युक्रेनी सैन्य कमान्डर-इन-चिफ जनरल ओलेक्जेन्डर सिर्स्कीले कुर्स्कमा केही सेना ‘बढी अनुकूल स्थिति’ मा फिर्ता भइरहेको संकेत गरे । तीन वर्षको युद्धका क्रममा किएभले मस्कोमा सबैभन्दा ठूलो प्रत्यक्ष आक्रमण गरेको दुई दिनपछि रुसले रातभरमा ७७ युक्रेनी ड्रोन खसालेको यसको रक्षा मन्त्रालयले बिहीबार बताएको छ ।

क्षेत्रीय सैन्य प्रशासनका प्रमुख रोमन म्रोचकोका अनुसार बिहीबार बिहान धेरै युक्रेनी धेरै सहरमा पनि आक्रमण भएको थियो र खेरसनमा ४२ वर्षीया महिलाको मृत्यु भएको थियो । किएभ र ड्निप्रोपेट्रोभस्कका अधिकारीहरूले पनि आक्रमणको सिकार भएको बताएका छन् । *रासस/एएफपी*

# युक्रेन युद्धविराम प्रयास, व्यापार युद्धले जी-७ कूटनीतिज्ञको बैठकमा प्रभुत्व जमाउने

**चार्लोभिक्स, (क्यानाडा)–** अमेरिकी विदेशमन्त्री मार्को रुबियोले बिहीबार जी-७ भेलामा आफ्ना क्यानाडाली समकक्षीसँग भेट्ने तयारी गरेका छन् । यद्यपि युक्रेनमा युद्धविराम सहमत हुने प्रयासहरूले प्रभुत्व जमाउने अपेक्षा गरिएको वार्तामा अमेरिकी विलयको धम्कीको छलफललाई सीमाबाहिर राखिएको छ ।

रुबियो बुधबार सेन्ट लरेन्स नदीको किनारमा रहेको चार्लोभिक्स सहरमा विश्वका औद्योगिक लोकतन्त्रहरूको क्लबका विदेशमन्त्रीहरूसँग भेट गर्न आइपुगेका हुन् । यस हप्ताको सुरुमा साउदी बन्दरगाह सहर जेद्दामा किएभका प्रतिनिधिहरूसँग भेटेपछि उनले रुस-युक्रेन युद्धमा तीन वर्षको रक्तपात रोक्ने अमेरिकी नेतृत्वको प्रयासको बारेमा जानकारी दिने अपेक्षा गरिएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले मस्कोमा अमेरिकी वार्ताकारहरूले युद्धविराम सुरक्षित गर्न सक्षम हुने आशा व्यक्त गरेका छन् । अधिकारीहरूका अनुसार संयुक्त राज्य अमेरिकाले रुसलाई शत्रुतालाई विनाकुनै सर्त रोक्न सहमत होस् भन्ने चाहन्छ । क्रेमलिनले प्रस्तावित युद्धविरामको विवरण पर्खिरहेको बताएको छ । युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले आफ्नो देश सम्झौता गर्न तयार रहेको बताएका छन् भने रुसले सम्झौता गर्न अस्वीकार गरेमा अमेरिकाले ‘कडा’ प्रतिक्रिया दिने संकेत गरेको छ ।

बेलायतका विदेशमन्त्री डेभिड लामीले जी-७ ले ‘युक्रेनलाई न्यायपूर्ण र दीर्घकालीन शान्ति सुरक्षित गर्न सक्दो सबैभन्दा बलियो स्थितिमा रहेको सुनिश्चित गर्न’ ध्यान केन्द्रित गर्नुपर्ने बताएका छन् । क्यानाडाकी विदेशमन्त्री मेलानी जोलीले रुबियोसँगको आफ्नो वार्ता ‘युक्रेन र टेबलमा रहेको युद्धविराममा’ केन्द्रित हुने अपेक्षा गरेको बताइन् ।

## क्यानाडाको सार्वभौमिकता “वार्तालाप योग्य छैन”

तर क्यानाडालाई संयुक्त राज्य अमेरिकामा समाहित गर्ने आफ्नो इच्छाको बारेमा ट्रम्पको बारम्बार टिप्पणीको बारेमा सोधिएको प्रश्नमा जोलीले पत्रकारहरूलाई भनिन्, ‘क्यानाडाको सार्वभौमिकता सम्झौता योग्य छैन ।’

क्यानाडा जाने मार्गमा आयरल्यान्डमा रोकिँदा रुबियोले जी-७ ‘क्यानाडालाई कसरी हामी नियन्त्रणमा लिनेछौं भन्ने बारेको बैठक होइन’ भने । जनवरीमा सत्तामा फर्किएपछि ट्रम्पको कार्यहरूले परम्परागत सहयोगीहरूसँगको अमेरिकी सम्बन्धलाई हल्लाएको छ । सबै इस्पात र एल्मुनियम आयातमा उनको २५ प्रतिशत कर बुधबारदेखि लागू भएको छ । यसले प्रमुख अमेरिकी व्यापारिक साझेदारहरूबाट तत्काल प्रतिशोध लिन प्रेरित गरेको छ ।

युरोपेली संघ (इयू)ले अप्रिलदेखि चरणबद्ध रूपमा अमेरिकी वस्तुहरूमा लगभग २८ अर्ब डलरको काउन्टर-भन्सार शुल्क लगाउने घोषणा तुरुन्तै गरेको छ भने क्यानाडाले बिहीबारदेखि २० अर्ब ७० करोड डलरको अमेरिकी उत्पादनहरूमा अतिरिक्त भन्सार शुल्क लगाउने घोषणा गरेको छ ।

केही क्यानाडाली आयातमा अमेरिकी भन्सार शुल्कको जवाफमा क्यानाडाले पहिले नै २० अर्ब ८० करोड डलरको अमेरिकी सामानहरूमा २५ प्रतिशत भन्सार शुल्क लगाएको छ । जोलीले जी-७ मा ‘प्रत्येक बैठकमा’ भन्सार शुल्कको विषय उठाउन चाहेको बताइन् ।

रुबियोले बेलायत, क्यानाडा, फ्रान्स, जर्मनी, इटली र जापानका आफ्ना समकक्षीहरू साझा लक्ष्यहरूमा काम गर्न ट्रम्पको व्यापार नीतिहरूमाथिको कुनै पनि निराशालाई एकातिर राख्ने अपेक्षा गरेका थिए । इस्पात र एल्मुनियम भन्सार शुल्कहरू राष्ट्रिय सुरक्षा चिन्ताहरूमा आधारित रहेको उनले बुधबार बताए ।

‘हामीले अपेक्षा गरेका विश्वका प्रत्येक देशले आफ्नो राष्ट्रिय हितमा काम गर्ने छन्,’ उनले भने, ‘मलाई लाग्छ कि हामी यी कामहरू गर्न सक्छौं र एकै समयमा हाम्रा सहयोगी र साथीहरूसँग रचनात्मक तरिकाले सम्झौता गर्न सक्छौं, म जी-७ र क्यानाडाबाट यही अपेक्षा गर्छु ।’

चार्लोभिक्समा हुने तीन दिने बैठकमा अन्य विषयसहित चीन र मध्यपूर्वसँग व्यवहार गर्न जी-७ को भूमिकाबारे पनि छलफल हुने छ । यो जुनमा क्यानाडाको अल्बर्टा प्रान्तमा हुने जी-७ नेताहरूको शिखर सम्मेलन अगावै आएको हो । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फचाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १७०५०० | प्रति तोला – ० | प्रति तोला – २००० |



विषादीरहित तरकारी | मकवानपुरको मनहरी गाउँपालिका-१ स्थित मकरीका देवराज न्यौपानेको रासायनिक मल र विषादीरहित गोलभेँडा खेती ।

*तस्बिर : अञ्जली थापा/रासस*

## कोरला सडकमा रहेका योजना कार्यान्वयन हुँदै

■ प्रभाव संवाददाता

**मुस्ताङ–** उत्तर/दक्षिण जोड्ने राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक आयोजनाअन्तर्गत चालु आर्थिक वर्षका लागि छनोट भएका नौवटा योजनामध्ये चार योजना कार्यान्वयनमा आएका छन् ।

पहिरो नियन्त्रण, चारवटा पुल र एक कालोपत्र योजनासहित यहाँ नौ योजना रहेका छन् । आयोजनाका सूचना अधिकारी इञ्जिनियर बिष्णु चापागाईंले ती योजनामध्ये चारवटा ठेक्का सम्झौता भई कार्यान्वयनमा आइसकेको र पाँच योजना ठेक्का सम्झौताको चरणमा रहेको बताए ।

यहाँ मुस्ताङको थासाङ-४ स्थित कैकु खोला, थासाङ-२ को लार्जुङ खोला, जोमसोम-मुक्तिनाथ खण्डको पान्डा खोलामा पुल र म्याग्दीको राहुघाट खोलामा बेलिब्रिजका लागि ठेक्का सम्झौता भएको हो ।

आयोजनाका अनुसार मुस्ताङको थासाङ-४ स्थित २० मिटर लम्बाइको कैकु खोला पुलको बाँकी निर्माणसम्पन्न गर्न रु पाँच करोड ३९ लाखमा बिके केसी, जिसी जेभी निर्माण कम्पनीसँग १३ फागुनमा ठेक्का सम्झौता भएको हो ।

थासाङ-४ लार्जुङ खोलामा निर्माणाधीन २० मिटर लामो पुलको अधुरो निर्माणसम्पन्न गर्न रु दुई करोड २२ लाखमा एसके धौलागिरी निर्माण सेवासँग ११ फागुनमा ठेक्का सम्झौता भएको थियो ।

यस्तै, पान्डा खोला पुलमा खोलाको धार एकीकृत गराउन नयाँ ठेक्का सम्झौता भएको हो । पान्डा खोला पुलमा पानीको सर्कुलर जोड्ने गरी खोला च्यानलाइजिङ गर्न ११ फागुनमा रु ५८ लाख ५७ हजारमा सोली थुम्का निर्माण सेवासँग ठेक्का सम्झौता भएको सूचना अधिकारी चापागाईंले बताए ।

राहुघाटमा अवस्थित बेलिब्रिज व्यवस्थापन तथा मर्मतका लागि बिआरटी साया जेभीसँग रु तीन करोड ३९ लाखमा १३ फागुनमा ठेक्का सम्झौता भएको उनले जानकारी दिए ।

## उद्योग क्षेत्र समृद्धिको बाटोमा छ : उद्योगमन्त्री भण्डारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपालको उद्योग क्षेत्र यतिबेला समृद्धितर्फ उन्मूख रहेको बताएका छन् ।

राजधानीमा आयोजित एक कार्यक्रममा मन्त्री भण्डारीले आर्थिक सुधारका पक्षमा सरकार दृढताका साथ लागिपरेको उल्लेख गर्दै त्यसले उद्योग क्षेत्रलाई समृद्धिको बाटोमा ल्याइरहेको बताएका हुन् ।

सरकारले निजी क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको जनाउँदै मन्त्री भण्डारीले अर्थतन्त्रमा देखिएका समस्या समाधानमा सरकार केन्द्रित रहेको उल्लेख गरे । नयाँ बजेटको छलफल शुभारम्भ भएको जनाउँदै उनले उद्योग मन्त्रालयको नीतिगत सुधारका लागि र निजी क्षेत्रको सुधारका लागि अर्थ मन्त्रालयबाट बजेट माग गरिने बताए ।

मन्त्री भण्डारीले निजी क्षेत्रको समग्र विकासका लागि नीतिगत तथा अन्य विषयमा सुझावका लागि आह्वान गरे । अहिलेका ऐन खण्डीत नहुने गरेर नीतिगत सुधारका लागि उनले सुझाव माग गरे । आफू उद्योगमन्त्रीका रूपमा रहँदासम्म उद्योग क्षेत्रको सुधारका क्षेत्रमा जतिसुकै नकारात्मक आलोचना गरिए पनि बिना कुनै स्वार्थ लागिपर्ने उनले प्रतिबद्धता जनाए ।

नेपालका उद्योगी तथा व्यवसायीले विभिन्न प्रहार झेल्नुपरेको उल्लेख गर्दै मन्त्री भण्डारीले नेपाली उद्योगको उत्थानका लागि सरकारले कुनै कसर बाँकी नराख्ने बताए । स्वदेशी वस्तु उपभोगको प्रसंग दोहोऱ्याउँदै उनले नेपाली उत्पादनको प्रयोग नगर्ने प्रवृत्तिले यहाँका उद्योग धराशायी बन्नुपरेको बताए ।

## ब्याज अनुदानमा किसानलाई ऋण दिइने

■ प्रभाव संवाददाता

**हेटौंडा–** बागमती प्रदेश सरकारले किसानलाई ब्याज अनुदानमा ऋण उपलब्ध गराउने भएको छ । चालु आर्थिक वर्षमा रु एक अर्ब र आगामी आर्थिक वर्षमा रु १६ अर्ब ऋण लगानी गर्ने तयारी रहेको बागमती प्रदेशका कृषि तथा पशुपक्षी विकासमन्त्री प्रकाश श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार प्रदेश सरकारले आधुनिक कृषि र व्यावसायिक पशुपालनका लागि ब्याज अनुदानमा ऋण उपलब्ध गराउने भएको हो । मन्त्री श्रेष्ठले प्रदेशमा तीन लाख ३१ हजार किसान रहेको र उनीहरूलाई पर्याप्त मात्रामा अनुदान उपलब्ध गराउन नसकेकाले ब्याज अनुदानमा ऋण उपलब्ध गराउने तयारी गरिरहेको बताए ।

उनले किसानलाई ऋण उपलब्ध गराउँदा स्थानीय तहसँग समन्वय गरिने बताए । उनका अनुसार किसान परिचयपत्र, वर्गीकरण र उत्पादनको आधारमा प्रदेश सरकारले नीति बनाएर विभिन्न प्रोत्साहन कार्यक्रमका साथै प्रदेशमा 'स्मार्ट फार्म' निर्माण गरिनेछ । उनले भने, 'श्रम र उत्पादनलाई जोडेर कोष स्थापना गरी योगदानका आधारमा किसानलाई पेन्सनको व्यवस्था हुनुपर्छ, यसको तयारी हामी गर्दैछौँ ।'

माटो तथा मल परीक्षण प्रयोगशाला हेटौँडाका कार्यालय प्रमुख डा जनार्दन खड्काले माटो परीक्षणका क्रममा ५० प्रतिशत प्राङ्गारिक पदार्थको कमी, वर्षाको पानी, माटो चट्टान बन्ने प्रक्रिया र मानवीय क्रियाकलापका कारण माटोमा अम्लीयपन बढ्दै गएको जानकारी दिए ।

काठमाडौं उपत्यकासहित व्यावसायिक तरकारीखेती हुने जिल्ला काभ्रे, ललितपुर, धादिङ, नुवाकोट, चितवन र मकवानपुरको माटोमा अम्लीयपनको मात्रा बढी पाइएको उनले बताए । प्रदेशमा तीन लाख २८ हजार दुई सय ९७ हेक्टर अर्थात् १६ दशमलव १७ प्रतिशत जमिन खेतीयोग्य छ । जसमध्ये दुई लाख ८९ हजार ६६२ हेक्टरमा खेती गरिएको छ ।

राष्ट्रिय कृषिगणना २०७८ को तथ्याङ्क अनुसार प्रदेशका अधिकांश किसानले माटो परीक्षण नगराएको देखिन्छ ।

## रेशम हराएपछि किम्बु बन्यो पशु आहारा

■ प्रभाव संवाददाता

**चितवन–** व्यावसायिक रूपमा रेशमखेती गर्ने किसान नभएपछि यहाँ उत्पादन गरिने किम्बुका बिरुवा पशु आहारा बनेको छ । रेशम कीरालाई खुवाउन लगाइने किम्बु अहिले पशु चौपायका लागि पोषिलो आहारा बनेको हो ।

भण्डारास्थित व्यावसायिक कीट विकास फार्म प्राविधिक पवनकुमार यादवका अनुसार कार्यालयमा चार बाकस रेशमका फूल ल्याइएको छ । ती बाहेक अन्यत्र निजी क्षेत्रमा रेशमखेती गर्ने किसान पलायन भएका छन् । यहाँ उत्पादन हुने किम्बुका बिरुवा यस क्षेत्रका किसानले गाईभैंसी र बाख्राको आहाराका लागि लिने गर्दछन् ।

कार्यालयले चालु आर्थिक वर्षमा तीन लाख बढी किम्बुका बिरुवा उत्पादन गर्ने जनाएको छ । फार्मले चार हेक्टर क्षेत्रफलमा ती बिरुवा उत्पादन गर्न लागेको हो । यादवका अनुसार असारमा बिरुवा बिक्री गरिन्छ । बागमती प्रदेशभित्रका स्थानीय तह र सहकारीले धेरै बिरुवा खरिद गरेर अनुदानमा बाढ्ने गर्दछन् । ती बिरुवा पशु चौपाय आहारका लागि किसानलाई बाढ्ने गरिन्छ ।

सुरुआती समयमा रेशमखेतीका लागि किम्बुको प्रयोग गर्ने गरिएको भए पनि अहिले रेशमखेती हुन छाडेपछि पशुपालन गर्ने किसानले घाँसको रूपमा प्रयोग गर्न थालेका हुन । उत्पादित बिरुवा चितवनसहित रामेछाप, दोलखा, सिन्धुली, गोरखा, धादिङलगायतका जिल्लामा जाने गरेको छ ।

प्रतिबिरुवा रु पाँचको दरले बिक्री गर्ने गरिएको छ । उनले भने, 'रेशमखेती गर्न कृषकले छोडेपछि अहिले पशुपालन गर्ने किसानले किम्बुका बिरुवा घाँसका लागि लैजाने गरेका छन् ।' कार्यालयले अहिले कानमा जातको किम्बु लगाउने गरेको छ । यसमा २१ प्रतिशत प्रोटिन र ११.५ प्रतिशत कार्बोहाइडेड हुने गर्दछ । जसका कारण रेशम कीराले सहजै पचाउन सक्ने हुँदा रेशमको रोजाइमा पर्ने गर्दछ । यो पशु चौपायका लागि पनि उपयुक्त घाँस हुने उनी बताउँछन् ।

रेशमखेती झन्झटिलो हुने र त्यसको उचित मूल्य नपाउँदा यहाँका किसानले खेती गर्न छाडेका हुन् । सरकारले कोकुनको मूल्य प्रतिकिलो रु ३७५ तोकेको थियो । यो मूल्यमा लागत नउठ्ने र किन्ने ग्राहक समेत नपाउने भएपछि किसानले खेती गर्न छाडेका हुन् । पहिले पहिले सरकारले रेशमपालनका लागि विभिन्न शीर्षकमा अनुदान दिने भए पनि पछिल्लो समय अनुदान समेत हटाएपछि किसान पलायन हुन थालेका हुन् ।

कार्यालयका सूचना अधिकारी कमलनयन पन्तका अनुसार सुरुमा माडीलाई रेशमखेतीको पकेट क्षेत्रको रूपमा विकास गरिएको भए पनि अहिले त्यहाँका किसानले यो व्यवसाय छाडेका छन् । यसअघि मकवानपुरलगायतका जिल्लामा पनि रेशमपालन हुने गरेको थियो ।

## किसानलाई तालिमसँगै कृषि सामग्री हस्तान्तरण

■ प्रभाव संवाददाता

**भोजपुर–** जिल्लाको लेखर्कका किसानलाई नवीनतम तरकारी खेती प्रणालीसम्वन्धी तालिमसँगै कृषि सामग्री हस्तान्तरण गरिएको छ । व्यावसायिकसँगै आर्थिक रूपमा सक्षम बनाउने ध्येयले २८ अगुवा किसानलाई नवीनतम तरकारी खेती प्रणालीको विषयमा जानकारीसँगै उपयुक्त प्रविधि हस्तान्तरण गरिएको हो । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा)ले, गाउँपालिका तथा वडाको समन्वयमा किसानलाई तरकारी खेती प्रणाली सम्वन्धि ज्ञान दिइएको हो ।

तालिमका सहभागी किसानलाई उन्नत जातको बीउ विजन, प्लाष्टिक टनेललगायतका कृषि सामग्रीसमेत वितरण गरिएको टेम्केमैयुङ ९ लखर्कका वडाध्यक्ष नभराज माङ्गपाहाङ्गले जानकारी दिए ।

वडाका तरकारी खेती गरिरहेका किसानलाई नविनतम खेती प्रणालीको बारेमा ज्ञान प्रदान गर्न तालिम सञ्चालन गरिएको उहाँको भनाइ छ । किसानलाई अभ्यास गराएर नै खेती प्रणालीको विषयमा जानकारी दिइएको उनले बताए ।

'यहाँका धेरै किसानले तरकारी खेती गरिरहेका छन्', उनले भने, 'किसानसँग तरकारी खेती प्रणाली सम्वन्धि जानकारी



नहुँदा समस्या थियो । उनीहरूलाई तरकारी खेती प्रणालीको विषयमा ज्ञान दिएर व्यावसायिक बन्न थप प्रोत्साहन गर्न तालिम दिएका हौं ।' यहाँका अगुवा किसानलाई पाँच दिने कार्यक्रम सञ्चालन गरेर तरकारी खेती प्रणालीको विषयमा व्यवहारिक ज्ञान दिएको हो ।

किसानलाई तरकारी तथा नगदेबालीको माध्यमबाट आर्थिक रूपमा सक्षम बनाउन गाउँपालिकाले विभिन्न सीपमूलक कार्यक्रम सञ्चालन गरिरहेको गाउँपालिका उपाध्यक्ष रमादेवी राईले जानकारी दिए । टेम्केमैयुङ गाउँपालिकामा कृषिको राम्रो सम्भावना रहेकोले कृषि र पर्यटनलाई प्राथमिकतामा राखेर काम भइरहेको उपाध्यक्ष राईको भनाइ छ ।

गाउँपालिकाले यहाँको भूगोल तथा माटो सुहाउँदो तरकारी तथा नगदेबालीको खेतीमा प्रोत्साहन कार्यक्रमसमेत सञ्चालन गरिरहेको उपाध्यक्ष राईले जानकारी दिए । 'हामीले किसानलाई तरकारी तथा नगदेबालीको व्यावसायिक खेतीमा लाग्न प्रोत्साहन गरिरहेका छौँ,' उनले भने, 'गाउँपालिकाले प्राथमिकताका साथ कृषि र पर्यटनमा लगानी गरिरहेको छ । कृषकलाई व्यावसायिक बनाएर आयआर्जनसँग जोड्न विभिन्न सीपमूलक कार्यक्रमहरू सञ्चालन गरिरहेका छौँ ।'

किसानलाई नगदे तथा व्यावसायिक तरकारी खेतीसँगै बाख्रापालन, कुखुरापालन, बंगुरपालन, मौरीपालन, जडीबुटी खेती, सुन्तला, कागती खेती लाग्न आवश्यक सहयोगसँगै सीप प्रदान गरिरहेको उपाध्यक्ष राईले बताए । परम्परागत रूपमा तरकारी खेती गर्दै आएको भएपनि तालिमबाट आधुनिक खेती प्रणालीको विषयमा जानकारी पाएको किसानहरूको भनाइ छ ।

तालिमसँगै कृषि सामग्री पनि पाएकाले भावी दिनमा व्यावसायिक रूपमा तरकारी खेती गर्न सहजता थपिएको स्थानीय किसान सत्यदेवी राईले बताए । तालिमका क्रममा तरकारी खेती प्रविधिसँगै रोग, किरा तथा उपचार पद्धतिको विषयमासमेत जानकारी लिन पाएको उनले बताए । 'परम्परागत रूपमा तरकारी खेती गर्दै आएकी थिएँ,' उनले भने, 'आधुनिक तरकारी खेती प्रविधिको जानकारी नहुँदा धेरै समस्या थियो ।

तालिममा सहभागी भएर खेती प्रविधिसँगै तरकारीमा लाग्ने रोक, कीरा तथा त्यसको उपचार पद्धतिको विषयमासमेत ज्ञान पाएँ । यहाँ सिकेको सीपलाई सदुयोग गर्दै अवका दिनमा तरकारी खेतीलाई थप विस्तार गर्ने सोच बनाएकी छु ।'

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ